हरेक क्षण हरेक दिन मात्र कृषि समाचारको लागि www.krishionline.com

नेपालको पहिलो
# कृषि साप्ताहिक
Nepal's First Agriculture Weekly

● वर्ष ४ ● अङ्क ४२ ● २०७३ जेठ १० गते सोमबार ● May. 23, 2016 मूल्य रु.१०-




कृषिको लगानी पारदर्शि बनाऔं, परम्परागत होइन व्यवसायिक बनौं, कुराको खेती होइन, खेतीको कुरा गरौं ।





## चिसिएकै हो त सम्वन्ध ?

मन्त्री र सचिवको सम्वन्ध चिसिएको प्रमाणका रुपमा धेरैले श्रीलंका हिडेका सचिवलाई मन्त्रीले रोक्नुलाई लिन थालेका छन् । मन्त्रीकै स्वीकृतिमा विदेश भ्रमणमा निस्किएका सचिवलाई उनै मन्त्रीले किन रोके ? प्रश्न गर्न थालेका छन् ।

० पृष्ठ ३ मा

### बजारको रकममा जापान र इजरायल भ्रमण !

कालीमाटी तरकारी तथा फलफूल विकास समितिका कार्यकारी निर्देशक सहित समितिका सदस्यहरुको जम्बो टोली करोडौं सरकारी बजेट स्वाहा गर्नका लागि इजरायल र जापान जाने तयारीमा हतारिएका छन् । सो समितिका एक दर्जन भन्दा बढी व्यक्तिहरु देश बाँडफाँड गर्दै जापान र इजरायल जान कस्सिएका छन् ।

० पृष्ठ ३ मा

### कृषि मन्त्रालय सिसि क्यापराको निगरानीमा

विगतमा कुनै राजनीतिक दलहरुले पनि छान्न नमान्ने कृषि विकास मन्त्रालय यतिखेर सवैको आँखी भएर कि क्याहो अहिले सो मन्त्रालय सिसिटिभीको निगरानीमा राखिएको छ । कृषि विकास मन्त्रालयको प्रवेशद्वार बाहिर र भित्र दुई दुईवटा सिसि क्यामरा जडान गरी मन्त्रालयलाई अति नै सुरक्षित बनाउन खोजिएको अनुमान लगाउन सकिन्छ ।

पृष्ठ ३ मा

### अनुदान किसानसम्म पुगेन भन्छिन् राज्य मन्त्री

जिवीकोपार्जनका लागि कृषि गरिरहेका किसानहरुको जीवनस्तर उठाउने भन्दा पनि धनीलाई झन् धनी बनाउनका लागि कृषि आयोजनाहरु लागिपरेको आरोप पशुपन्छी मन्त्री नरदेवी पुनले लगाएकी छिन् । कृषि उत्पादन बृद्धि गर्नका लागि किसानसम्म पुग्नु पर्ने सरकारी अनुदान किसानसम्म पुग्न नसकेकै कारण नेपाली कृषि क्षेत्र अझै पनि परनिर्भर हुनु परेको उनको गुनासो छ ।

० पृष्ठ ३ मा

## दूधमा पानी मिसाएर संस्थान डुबाउदै

चितवन/नक्कली किसान देखाएर भुक्तानी गरी दुग्ध विकास संस्थान डुवाउन संस्थागत रुपमा गरिएको अनियमिततालाई लुकाउन दुग्ध विकास संस्थानले चितवनको चनौली दूध चिस्यान केन्द्रका चार तहका रामकेवल याय यादवलाई बालाजु आयोजनामा सरुवा गरेको छ । चितवनको चनौली दुध चिस्यान केन्द्रमा किसानहरुबाट दैनिक संकलित पााच हजार दूधमा एक हजार लिटर पानी मिसाएर बढी संकलन गरिएको लगत तयार किसानलाई भुक्तानी गरिएको देखाएर सरकारी संस्थानलाई डुवाउन दुग्ध विकास संस्थानका महाप्रवन्धकदेखि चिस्यान केन्द्रका खरिदारसम्मले सेटिङ् मिलाएर अनियमितता गरिरहेका छन् ।

ठूला कर्मचारीलाई बचाउन र सो अनियमितता लुकाउन चिस्यान केन्द्रका पानी मिसावट गर्ने मुख्य नाईके यादवलाई आयोजनामा सरुवा गरिएको खुल्न आएको छ । यादवले कार्यालयका तात्कालिन प्रमुख धनेश्वर यादवसंगको मिलेमतोमा किसानले जम्मा गरेको दुधमा दैनिक एकहजार लिटरसम्म पानी मिसाउने गरेको पाइएपछि उनीसँगै कार्यालय प्रमुख धनेश्वर यादवलाई समेत कार्वाही स्वरुप माथिल्लो निकायमा तानिएको चिस्यान केन्द्र श्रोतले बताएको छ । यादवले विभिन्न सहकारी संस्था, व्यवसायिक फर्मबाट संकलन हुने गरेको दुधमा दैनिक ५ सय देखि एक हजार लिटरसम्म पानी मिसाए आयोजनामा पठाउने गरेको खुल्न आएको छ । अहिले दुग्ध विकास संस्थानले कृषकलाई दिने दूधको मूल्य प्रतिलिटिर ४५ रुपैयाँ सरदर पर्न आउँछ भने

० पृष्ठ ५ मा

बि.टि.एल्. कम्पनीका पावर टिलर तथा मिनी टिलरबाट खेती गरौं, कम खर्चमा अत्यधिक उत्पादन बढाऔं ।



# कृषिमा गैरसरकारी संस्थालाई लगाम खोइ ?

विगतको आधा दशकको समयलाई हेर्ने हो भने नेपाली कृषि क्षेत्रमा लगानी गर्न उत्साहिहुने ठूला निजी संस्थाहरु कमै पाईन्छ । निजी साझेदारीताका नाममा सरकारी बजेट सिध्याउने बाहेकका अरु कुनै पनि विकल्प देखिएको छैन । कृषि लगानी गर्दछु र प्रतिफल लिन सक्छु भन्ने वातावरण अझै पनि देखिएको छैन । उत्पादनमूलक कार्यमा जवसम्म आम किसानहरुलाई प्रोत्साहन दिन सकिदैन तवसम्म यस्तै नै अवस्था रहिरहन्छ ।

नेपाली कृषि क्षेत्रमा सरकारी भन्दा गैरसरकारी क्षेत्रको बोलवाला बढ्दै गईरहेको छ । सरकारले गरेका कुनै पनि कार्यक्रमलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन । वा भनौ ल्याउन सकिएको छैन । तर यही कृषि क्षेत्रमा गैरसरकारी संस्थाहरुले आफ्नो प्रभुत्व जमाईरहेको देख्न सकिन्छ । सरकारले गरेको जस नदिने पाठ पढाउने पनि गैरसरकारी संस्थाहरु नै हुन् । त्यस्ता संस्थाहरुलाई सरकारले सहि लगाम लगाउन नसक्दा कृषि क्षेत्र दिन प्रतिदिन खस्कदै गईरहेको छ ।

कतिपय गैरसरकारी संस्थाहरुले आफनो स्वार्थ पूरा गर्नका लागि गरिव तथा भूमिहिन किसानहरुलाई पनि प्रयोग गर्ने गरेको पाईन्छ । किसान नै नाममा अबौं रुपैयां बजेट ल्याएर कृषि क्षेत्रको विकास र उत्पादकत्व बृद्धि गराउने तर्फ भन्दा पनि धार्मिक रुपमा पनि प्रयोग गरिरहेका देखिन्छन् । यतिविध्न गर्दा पनि सरकारले चासो दिन सकेको छैन ।

नेपालमा कृषि क्षेत्रमा काम गर्ने गरी स्वीकृत पाएका वा नपाएका धेरै राष्ट्रियदेखि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु पनि कृषिमा हाम फालिरहेका छन् । कतिपयले सरोकारवाला मन्त्रालयलाई जानकारी गराएर आफूलाई किसानसम्म पुऱ्याएको छ भने कतिपयले त थाहा पाउलान् कि जसो गरी आफ्नै ढंगले काम गरिरहेका छन् । जसले कृषि क्षेत्रको भविष्य बिग्रिदै गईरहेको मात्र होइन किसानहरुको पनि मनोवल गिर्दै गईरहेको छ । उन्नत जात वा गुणस्तरीयताका नाममा विदेशमा उत्पादन भएका म्याद गुज्रन लागेका बीउ बिजनदेख मलसम्म पनि नेपालमा आयात गरी किसानसम्म पुऱ्याएको देखिन्छ । अझ गैरसरकारी संस्थालाई अनुगमन गर्ने सरकारी निकाय सशक्त नहुंदा कतिपय गुणस्तरहीन कृषि सामग्रीहरु किसानहरुले प्रयोग गरिरहेका छन् ।

तसर्थ नेपालको कृषि क्षेत्रको विकास गर्ने र उत्पादकत्व बृद्धि गर्नका लागि वास्तवमा नै नेपाल सरकारले पहल गर्ने हो भने सर्वैभन्दा पहिले कृषिमा काम गर्ने र गरिरहेका संस्थाहरुलाई निश्चित मापदण्डमा ल्याउनु आवश्यक देखिन्छ । ■

## आफ्नै सूचना

*नेपालको पहिलो कृषि साप्ताहिकका रुपमा प्रकाशित कृषि साप्ताहिकमा तपाईँका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ ।*

**सम्पर्क**

**कृषि साप्ताहिक, पुतलीसडक**

**इमेल : sajnepal@gmail.com**

**web: www.krishionline.com**

# किसानमुखी बजेटको अपेक्षा र त्यसको कार्यान्वयन



**कृष्णा घिमिरे**

आगामी आर्थिक बर्षका लागि यहि जेष्ठ १५ गते बजेट प्रस्तुत गर्ने तयारी सरकारले ब्यापक रुपमा गरेको छ । यस बर्षको बजेट कस्तो आउने भनेर सरकारका नीति तथा कार्यक्रममा मोटामोटि जानकारी गराइए पनि बजेट प्रस्तुत नहुंदासम्म यसै भन्न सकिने अवस्था भने छैन । यस पटको बजेट वितरणमुखि हुनेमा कुनै दुई मत छैन । अर्थतन्त्रको मेरुदण्ड मानिने कृषि क्षेत्रले पनि आब २०७३/७४ को बजेटबाट ठुलै आशा गर्नु स्वभाविक मानिन्छ । तर जस्तो सुकै बजेट प्रस्तुत गरे पनि किसानमुखि बजेट भएन भने त्यसले देसको आर्थिक बृद्धिदर सोचे जति हुनेछैन । देशका ८० प्रतिशत भन्दा बढि किसानहरुको जीवनसंग सरोकार राख्न सक्ने बजेट हुनु पर्दछ । उनीहरुको निर्वाहमुखि खेर्तीलाई बदलेर ब्यबसायिक खेती तथा उत्पादनमुखि तर्फ उन्मूख गराउन किसानलाई दिइने अनुदान मात्र होइन आधुनिक कृषि उत्पादनका लागि आवश्यक अत्याधुनिक प्रविधि र तालिममा समेत बृद्धि गर्नका लागि आगामी बजेटले सम्बोधन गर्नु पर्नेमा किसानहरुको अपेक्षा रहेको छ ।

आब २०७३/७४ को बजेट केहि हद सम्म भए पनि किसानमुखि हुन सक्ने आधार सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा लाई हेर्दा पाउन सकिन्छ । तर कार्यक्रम जस्तो सुकै ल्याए पनि त्यसको कार्यान्वयन पक्ष नै महत्वपुर्ण मानिन्छ । बोलेर मात्र हुंदैन काम गरेर देखाउन सक्नु पर्छ । किसानहरु अहिले पनि परम्परागत खेति र निर्वाहमुखि खेतिमा आफ्नो दैनिकी बिताइरहेका छन् । नेपालसंगै स्वतन्त्र भएका मुलुकहरु अहिले आर्थिक रुपमा निकै अगाडि पुगिसकेका छन् भने नेपाल संगै सिमाना जेडिएका दुई शक्तिशालि राष्ट्रहरु पनि आर्थिक क्षेत्रमा हामी भन्दा निकै फड्को मारिसकेका छन् । लामो समयदेखि राजनीतिक अस्थिरता ,अस्थिर सरकार,बन्द हड्ताल आन्दोलनले थिलो थिलो परेको यस देशको आर्थिक अवस्था सुधार गर्न सक्ने क्षत्र भनेको अर्थतन्त्रको मेरुदण्ड मानिने कृषि क्षेत्र नै हो । गत बर्षको महाभुकम्प, भारतीय नाकाबन्दीले गर्दा सुन्यमा पुग्नबाट जोगिएको नेपालको आर्थिक बृद्धि दर एक बर्षमै निकै ठुलो फड्को मार्ने महत्वाकाक्षा सरकारले राखेको छ । आर्थिक बृद्धि दरमा लक्ष्य हासिल गर्न कृषि क्षेत्रको बिकास र किसानको हितका कार्यक्रम र अनुदानहरु ल्याउने बाहेक अरु केहि हुन सक्दैन । कार्यक्रम प्रस्तुत गरेर मात्र पनि हुदैन त्यसको कार्यान्वयन पनि हुनु पर्छ । सरकारले घोषण गरेका कार्यक्रमहरु बिबिध कारणले गर्दा कार्यन्वयन हुन कठिनाई भएको पाईएको छ ।

### सरकारी उदासिनता

सरकार आफैले घोषणा गरेका कार्यक्रम गर्न उदासिन देखिने गरेको बिगतका कार्यशैलीले प्रमाणित भैसकेका छन् । सरकारका नीति तथा कार्यक्रममा तथा बजेट भाषणमा सम्पूर्ण क्षत्रलाई समेट्ने कार्य भएता पनि त्यस पछिको कार्यकालमा काम भएको पाइदैन । लक्ष्य गरिएको जम्मा १५ प्रतिशत मात्र कार्य हुने बांकी सबै बजेट फ्रिज भएर जाने गरेको घटना कुनै नौलो बिषय होईन । लामो समयको राजनीतिक अस्थिरताले देशमा कुनै पनि बिकासका कामले तीब्रता लिन सकेको छैन । यसलाइ सरकारले प्रचारमुखिभन्दा पनि कार्य गर्नकै लागि प्रतिबद्ध भएर नलाग्दा सम्म नीति तथा कार्यक्रम वा बजेट मा प्रस्तुत गरेकै आधारमा बिश्वास गर्न सकिने आधार छैन । अर्को तर्फ सरकारले गर्ने वा दिने भनिएका अनुदानका कार्यक्रम वा सुबिधाहरु पनि या त सम्बन्धित राजनीतिक दलका कार्यकर्ता भरण पोषणमा प्रयोग हुन्छन या त कुनै कर्मचारीले चिनजानका आधारमा आआफ्नै सम्बन्धित लाई उपलब्ध गराउने गरेको पाइएको छ ।

सरकारका नीति तथा कार्यक्रममा प्रस्तुत भए अनुसार आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, गरिब आर्थिक तथा सामाजिक रुपमा पर्छ परेका महिला, गरीब, सीमानन्तिकृत ,भूमिहिन तथा पिछडिएका समुदायलाई सहकारी ब्यवसाय मार्फत जीबिकोपार्जनको कार्यमा लगाउन सरकार सहकारी साझेदारीमा फलफुल कृषि ,पशुपालन मत्स्य पालन जस्ता उद्योगहरुको स्थापना र सञ्चालन गर्ने सहकारीहरुलाई पूंजिगत अनुदान उपलब्ध गराईनेछ ,भन्ने बुंदा उल्लेख गरेको छ । यो सहकारीमार्फत किसानलाई भनेर उपलब्ध गराइने अनुदान निकै स्वागत योग्य छ । तर यसको कार्यान्वयन कसरी हुन्छ भन्ने बिषय प्रमुख हो । यो कार्यक्रम अहिले पनि नभएको होइन । यसबाट बास्तविक किसानले भन्दा बाहिरी ब्यवसायीले फाइदा उठाएको पाइएको छ भने त्यति जिम्मेवार पुर्वक कार्यन्वयन भएको पाईदैन । किसानलाई खेतिका लागि वा पशु पालनका लागि वा अन्य कृषिजन्य ब्यवसायका लागि दिइएको अनुदान बिचौलियाले वा गैर किसानले फाइदा लिइरहेको पाईएको छ । कार्यक्रम दिनु एक पक्ष हो भने कार्यक्रमलाई सफलतापुर्वक कार्यान्वयनमा लैजानु पनि अर्को महत्वपुर्ण पक्ष हो । अनुदान लिनकै लागि पनि सहकारी खोलिएका छन् भने समुह बनाएर ब्यवसायिक खेति गर्छौ भन्दै अनुदान लिएर त्यस्को अत्यत्रै प्रयोग गरिएका उदाहरण पनि नभएका होइनन् । आवश्यक अनुगमनको अभावमा यस्तो भएको पाईएको छ ।

### सुचनाको अभाब

सुचना अहिलेको युगमा एक महत्वपूर्ण बिषय हो । सुचना दिने निकायले समयमा र सहि सुचना उपलब्ध गराउनु तथा सुचना लिनेले पनि सम्बन्धित निकायमा पुगेर सुचना लिने बानी नबसाल्दा यसले सूचनाको आदानप्रदानमा निकै ठुलो संकट पारेको छ । अहिलेको नयां संबिधानले सुचनाको हक सम्बन्धि ब्यवस्थामा सुचनाबाट कुनै पनि नागरिकलाई बञ्छित गरिने छैन । अर्थात सूचना लिनु संबैधानिक अधिकार हो । यसका आवश्यकता देशका हरेक निकायमा भए जस्तै कृषि क्षत्रमा पनि निकै महत्व र आवश्यकता रहेको छ । जे होस बहुदलीय ब्यवस्थाको पुनस्थापना पछि सुचना प्रविधिले निकै ठुलो फड्को मारेको छ । यसका माध्यमहरु पत्र पत्रिका ,रेडियो, टेलिभिजन,इन्टरनेट आदिको निकै ठूलो बिकास भएको छ । अहिले जुनसुकै प्रकारका सुचनाहरु पनि यस्ता सञ्चार माध्यममा तुरुन्तै पढ्न ,हेर्न तथा सुन्न पाईन्छ । सञ्चारको यस्तो उपलब्धता हुंदा हुंदै पनि किसानले सहि र समयमा सुचना नपाउंदा सरकारले घोषणा गरेका त्यस्ता कयौं उपलब्धिमूलक कार्यक्रमबाट बाट बञ्छित रहनु परेको छ । यसको प्रमुख कारण भनेको नेपालका ग्रामिण भेगमा बस्ने किसान जसले यस्ता सञ्चारमाध्यमको प्रयोग गर्न पाउंदैनन् वा जान्दैनन् । अर्को तर्फ अनुदान तथा अन्य सेवाहरु उपलब्ध गराउने निकायले पनि समयमा जानकारी दिन आनकानी गरिरहेको हुन्छ । किसानले अनुदानमा कुन कुन क्षेत्रमा कुन कुन बिषयमा अनुदान पाउने हो त्यसको स्पष्ट नीति सरकारले लिए पनि त्यसको उपलब्ध गराईदिने निकायको लापवाहीले गर्दा त्यस्ता अनुदानबाट किसानहरुले लाभ लिन नसकेको गुनासो ब्यापक रुपमा रहेको छ । अनुदानका बारेमा सम्बन्धित जिल्ला कृषि कार्यालयका कर्मचारीले आ आफ्ना चिनेका नातेदारलाई त्यस्ता अनुदानका बारेमा सुटुक्क बताउने र उपलब्ध गराउने गरेको पाईएको छ । कतिपयले त आफ्नै नातेदारलाइ प्रक्रिया पुर्‍याउन लगाएर गैरकिसानलाई त्यस्ता अनुदान उपलब्ध गराएको पाइएको छ ।

हाम्रो देशमा ८० प्रतिशत भन्दा बढि मनिसहरु गाउंमा बसोबास गर्छन् । ग्रामिण भेगमा सञ्चारका माध्यम पनि उपलब्ध छैनन् । यस्ता क्षेत्रमा सूचना उपलब्ध गराउनको लागि कृषि मन्त्रालय अन्तरगतको कृषि सुचना तथा सञ्चार केन्द्रको स्थापना गरेको छ । कृषि सम्बन्धि सुचनाहरु कृषि सुचना तथा सञ्चार केन्द्रमार्फत किसानलाई उपलब्ध गराउने यसको प्रमुख उद्देश्य रहे पनि आन्तरिक क्षेत्राधिकार को बिबाद तथा सूचना एकत्रित हुन नसक्दा कति सुचनाहरु किसानले थाहा नै पाउंदैनन् भने कति कतिपय सूचनाहरु जसले मन लाग्यो उसैले दिने गरेका छन । जस अन्तरगत सञ्चालित भएको किसान कल सेन्टर पनि प्राविधिक अभाव तथा मन्त्रालय भित्रै सुचना दिने आधिकारीकता र क्षेत्राधिकारको बिबादले गर्दा सञ्चालन हुन सकिरहेको छैन । कलसेन्टर सञ्चालनमा रहंदा कमसेकम किसानले आफूले चाहेको बेलामा मनमा लागेको कुरा वा अनुदानका बारेमा फोनबाट सोध्न सक्ने बातावरण बन्न सक्थ्यो । सामन्य किसान बर्गको लागि सूचना पाउनु पनि निकै कठिन भैरहेको अवस्थामा किसानको हितको कुरा मात्र गरेर किसानमुखि हुन सक्दैन । किसानका बास्तविक समस्या पहिचान गरेर कार्यक्रम ल्याउने र सम्बन्धित किसान सम्म पुऱ्याउनु जरुरी देखिन्छ ।

यी लगायत किसानले अपेक्षा गरे जस्तो कार्यक्रम पनि आउन नसकिरहेको अवस्थामा यस पटकको बजेट प्रस्तुत भएपछि मात्र यसका बिषयमा बताउन सकिन्छ । उच्च प्रविधि, सिंचाई ,उन्नत बिउ, मौसम र माटो सुहाउंदो खेतीका लागि आवश्यक तालिम र त्यहि अनुरुपको कार्यक्रम लगायतका कार्यक्रम किसानलाई आवश्यक रहेको छ । किसानको लागि पेन्सनको कुरा देखि लिएर कृषि तथा पशु बिमा सम्पुर्ण कृषि क्षत्रका लागि दिएर किसानलाई आफ्नो पेशा प्रति अझ उत्साहका साथ लाग्न तथा बिदेसिन लागेका युवालाई समेत स्वदेसमै बस्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु ल्याउने अपेक्षा यस बजेटबाट राख्न सकिन्छ ।

# सम्वन्ध चिसिएकै हो त कृषि मन्त्री गजुरेल र सचिव भट्टराईको

काठमाडौं । कृषि विकास मन्त्रालय विभाजन पश्चात सांगठनिक रुपमा बलियो बनाउँदै गईरहेको कृषि विकास मन्त्रालयमा यतिखेर आन्तरिक चर्चा चल्न थालेको छ । कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेल र कृषि सचिव उत्तम कुमार भट्टराईको सम्वन्धमा चिसोपन आएको हो कि भन्ने आशंका व्यक्त गर्न थालिएको छ । यसको कारण अरु केही नभएर बैधानिक बाटो अवलम्बन गर्ने या नगर्ने भन्ने विषयमा भएको हुन सक्ने समेत बताइएको छ । अर्कोतिर मन्त्री र सचिवको सम्वन्ध चिसिएको प्रमाणका रुपमा धेरैले श्रीलंका हिडेका सचिवलाई मन्त्रीले रोक्नुलाई लिन थालेका छन् । मन्त्रीकै स्वीकृतिमा विदेश भ्रमणमा निस्किएका सचिवलाई उनै मन्त्रीले किन रोके ? प्रश्न गर्न थालेका छन् । यसले गर्दा कृषि विकास मन्त्री र कृषि सचिवको





सम्बन्धका बारेमा अहिले कृषि विकास मन्त्रालय भित्रमात्र होइन सरोकारवाला निकायमा पनि बहश र चर्चाको विषय बन्न थालेको छ ।

एशियन फूड एण्ड एग्रिकल्चर कर्पोरेशिसन इनिसिएटिभ(अफासी) को श्रीलंकामा हुन लागिरहेको बैठकमा सहभागी हुन जान लागेका कृषि विकास मन्त्रालयका सचिव उत्तमकुमार भट्टराईलाई सो कार्यक्रममा जानबाट कृषि मन्त्री हरिबोल प्रसाद गजुरेलले रोक लगाएपछि सम्वन्ध चिसिएको हो कि भन्ने अड्कल बाजी धेरैले गरेका छन् । अफासीका उपाध्यक्ष रहेका कृषि सचिव उत्तमकुमार भट्टराई अफासीको साधारणसभामा भाग लिनका लागि जेठ ४ गते श्रीलंका जाने कार्यक्रम रहेको थियो । सोही अनुरुप उनले मन्त्रालयबाट टिप्पणी समेट उठाएर मन्त्रीपरिषद्बाट स्वीकृत गरी जेठ ४ गते श्रीलंका जानका लागि टिकट समेत लिईसकेका उत्तमकुमार भट्टराईलाई उठ्ने अघिल्लो सांझ अर्थात जेठ ३ गते राती मन्त्री गजुरेलले बजेटको तयारीको बहानामा श्रीलंका जानबाट रोकेका हुन् ।

अफासीको बैठकमा उपाध्यक्ष रहेको नेपालका कृषि सचिव नै नआएपछि कृषि क्षेत्रमा काम गरिरहेको सो अभियानमा संलग्न राष्ट्रहरु शशंकित बनेका छन् । कृषि सचिव भट्टराई सो बैठकमा सहभागि हुनका लागि मन्त्रीबाटै स्वीकृति जनाई मन्त्रीपरिषद्बाट समेत स्वीकृत गराएर हिड्न तयारी गरिरहेका बेला एक्कासी भ्रमण रोकिएपछि कृषि विकास मन्त्रालयका चर्चा चल्न थालेको छ । सचिव भट्टराई श्रीलंका उड्न १२ घण्टा पनि बााकी नहुँदै भ्रमण स्थगत गर्ने निर्देशन दिनुको कारणका बारेमा मन्त्रालयका अधिकारीहरु बोल्न चाहादैनन् ।बजेट निर्माणको बहानामा मन्त्रीले रोकेको हुन सक्ने अनुमान गरेपछि पछिल्ला समयमा कृषि मन्त्री र कृषि सचिव बीच नै केही आयोजनाको विषयलाई लिएर खटपट भएको श्रोतको दावी छ । विशेषगरी अनुदान मुखि केही आयोजनाले प्रस्ताव माग गरेको भएपनि हालसम्म पनि नतिजा प्रकाशन गर्न ढिलाई गरिरहेको विषयमा मन्त्री र सचिव बीचको सम्वन्ध चिसो भईरहेको समेत बताइएको छ । बजेटको बहाना मन्त्रीले अन्तिम समयमा आएर बनाएको भएपनि भ्रमण आदेश स्वीकृत गर्नु भन्दा अगाडि यस विषयमा किन सोच्न सकेनन् भन्दै एक उच्च अधिकारीले भने यो सबै राजनीतिक विषयको कुरा हुन सक्छ । मन्त्रालय सिस्टम चल्न सकेको छैन । त्यसकारण पनि यस्ता झमेलाहरु बेला बेलामा आउने गरेको उनले बताए ।

अफासीमा नेपाल लगायत सहित भूटान, म्यानमार, भियतनाम,इण्डोनेशिया, श्रीलंका, बंगलादेश, दक्षिण कोरिया, फिलिपिन्स, मंगलोयिा रहेका देशहरु सदस्य छन् ।

## कृषि व्यवसायिक हुन सकेन परम्परागत मै सिमित



काठमाडौं । नेपालको कृषि व्यवसायिक तर्फ उन्मूख भएको भएपनि परम्परागत कृषि भन्दा फरक हुन नसकेको पशुपन्छी विकास मन्त्री शान्ता मानवीले बताएकी छिन् । काठमाडौंमा आयोजित हिमाली आयोजनाले पहिलो पटक आफूले अनुदान सहयोग उपलब्ध गराएका कृषि व्यवसायीहरुले उत्पादन गरेका कृषि उपजहरुको मात्र प्रर्दशनी गर्न आयोजित मेलाको उद्घाटन गर्दै मन्त्री मानवीले सो कुरा बताएकी छिन्। ६७ प्रतिशत जनता अझैपनि कृषिमा नै सक्रिय रहेको बताउंदै परम्परागत रुपमा गरिने कृषि खेतीले व्यवसाय हुन नसक्ने बताउंदै कृषि विकास मन्त्रालयबाट हुने गरेका कार्यक्रम अत्यन्तै राम्रोसाग बढिर हेको भन्दै मन्त्री मानवीले कृषिमा व्यवसायिकरण र आधुनिकीकरण गरेर मात्र आजको आवश्यकता पूरा गर्न सक्ने बताएकी छिन् ।

मुलुकमा अहिले माग भईरहेको दूधको आवश्यकता पूरा गर्नका लागि दूध उत्पादनमा बृद्धि गर्नु पर्ने बताउंदै उनले तीन वर्षभित्रमा दूधमा आत्मनिर्भर हुनका लागि पशुपन्छी विकास मन्त्रालय लागि रहेको समेत बताइन् । कार्यक्रममा कृषि मन्त्रालयका सचिव उत्तमकुमार भट्टराईले हिमाली कृषि उत्पादनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रवर्द्धनका लागि मन्त्रालयले सहयोग गर्ने बताएका थिए । त्यसैगरी वन तथा भूसंरक्षण मन्त्रालयका सचिव उदयचन्द्र ठाकुरले आफ्नो मन्त्रालयले पनि हिमाली क्षेत्रमा प्रचुर सम्भावना रहेको जडीबुटी उत्पादन, प्रशोधन र प्रवर्द्धनका लागि आवश्यक पहल गरिने बताएका थिए ।

सोही कार्यक्रममा पशुपक्षी मन्त्रालयका सचिव डा कृष्णचन्द्र पौडेलले हिमाली आयोजना प्रभावकारी देखिएकाले यसलाई थप जिल्लामा पु¥याई कृषकको जीविकोपार्जन बढाउन प्रभावकारी रुपमा अघि बढाइनुपर्नेमा दातृनिकायहरुलाई आग्रह गरेका थिए ।

## कृषि विकास मन्त्रालयमा सिसि क्यामरा

काठमाडौं । नेपाल सरकारलका यातायात व्यवस्थाप कार्यालय वा श्रम विभागमा हुने अनियमितता रोक्नका लागि सिसिटिभि जडान गरिएको हो ।



प्रहरी सुरक्षाका लागि संवेदनशील स्थानहरुमा सिसिक्यामरा जडान गर्ने गरिएको सुनेकै हो र देखेको पनि । तर विगतमा कुनै राजनीतिक दलहरुले पनि छान्न नमान्ने कृषि विकास मन्त्रालय यतिखेर सबैको आाखी भएछ र कि क्याहो र अहिले सो मन्त्रालय सिसिटिभीको निगरानीमा राखिएको छ ।

कृषि विकास मन्त्रालयको प्रवेशद्धार बाहिर र भित्र दुई दुईवटा सिसि क्यामरा जडान गरी मन्त्रालयलाई अति नै सुरक्षित बनाउन खोजिएको अनुमान लगाउन सकिन्छ । बैक वित्तिय संस्थाहरुमा जस्तै कृषि विकास मन्त्रालयमा प्रवेशद्धार देखि नै जडान गरिएको सिसि क्यामराको उपलब्धी के हुन सक्ला ? धेरैले चासो लिएका छन् । मन्त्रालयमा सिसि क्यामरा जडान पश्चात कि त मन्त्रालय असुक्षित भएको मान्न सकिन्छ कि त कृषि विकास मन्त्रालयमा पनि बिचौलियाहरुको बिगबिगी बढ्न थाल्यो कि भन्ने अनुमान कृषि विकास मन्त्रालय कै कर्मचारीहरुले लगाउन थालेका छन् ।

## अनुदान किसानसम्म पुगेन

काठमाडौं । कृषि क्षेत्रमा अनुदानका धेरै आयोजना भएपनि त्यसले किसानहरुको



हितमा काम नगरेको पशुपन्छी विकास राज्य मन्त्री नरदेवी पुनले आरोप लगाएकी छिन् । जिवीकोपार्जनका लागि कृषि गरिरहेका किसानहरुको जीवनस्तर उठाउने भन्दा पनि धनीलाई झन् धनी बनाउनका लागि कृषि आयोजनाहरु लागिपरेको आरोप समेत पुनले लगाएकी छिन् । पशुपन्छी विकास मन्त्रालय मातहतमा रहेको हिमाली आयोजनाले गरेको प्रथम हिमाली कृषि व्यवसाय प्रर्वद्धन मेला २०७३ लाई शुभकामना दिंदै सो कुरा बताएकी हुन् । मन्त्री पुनले कृषि तथा पशुका क्षेत्रमा जति आयोजनाहरु सञ्चालनमा रहेको छन् ती सबै किसानका पहुचमा नपुगेको धारण व्यक्त गर्दै पशुपन्छी जन्य बस्तुको विकासका लागि आफूहरु प्रतिवद्ध भएर लागेको बताउँदै किसानहरुको अभिभावकत्व प्रदान आफूले गर्ने समेत बताईन् । कृषि विकास मन्त्रालयबाट विभाजन भएर पशुपन्छी विकास मन्त्रालय बनेको भएपनि अबको महत्वपूर्ण आत्मनिर्भर हुने वस्तु नै पशुपन्छी विकास मन्त्रालय मातहतमा रहेको समेत उनले उल्लेख गरिन् । पशुपन्छी विकास मन्त्रालयले चारवटा पिल्लरको अवधारण सहित अगाडि बढेको बताउँदै सोही अनुरुप हिमाली क्षेत्रका किसानहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणका लागि आफूहरु क्रियाशील रहेको समेत बताईन् ।

## बजारको रकममा जापान र इजरायल भ्रमण !

काठमाडौं । कृषि विकास मन्त्रालय मातहत सञ्चालनमा रहेको कालीमाटी तरकारी तथा फलफूल विकास समितिका कार्यकारी निर्देशक सहित समितिका सदस्यहरुको जम्बो टोली करोडौं सरकारी बजेट स्वाहा गर्नका लागि इजरायल र जापान जाने तयारीमा हतारिएका छन् । तरकारी बजारलाई व्यवस्थित गर्ने, किसानहरुलाई कृषि उपजको उचित मूल्य उपलब्ध होस् भन्नेका लागि सरकारी स्तरबाट स्थापना गरिएको सो समितिका एक दर्जन भन्दा बढी व्यक्तिहरु दुई देश बांडफांड गर्दै जापान र इजरायल जान कस्सिएका छन् । बजारलाई व्यवस्थित गर्ने जिम्मेवारी बिकेका पदाधिकारीहरु बजारलाई अलपत्र पार्दै जापान र इजरायल भ्रमणको तयारीका लागि मन्त्रालय धाउन थालेको बताइएको छ ।

जापान र इजरायल भ्रमणको विना उपलब्धी आर्थिक बर्षको अन्त्यमा बजेट सिध्याउने किसिमले गर्न लागिएको सो भ्रमण रोक्नका लागि कालीमाटी तरकारी बजार कै केही सदस्य लागि परेका छन् भने कार्यकारी निर्देशक सहितका केही व्यक्ति भने शक्ति केन्द्र धाएर भएपनि मन्त्रालयबाट सो भ्रमण स्वीकृत गराउने तयारीमा जुटेका छन् ।

किसानहरुले उचित मूल्य पाउन नसकिरहेको अवस्थामा कालिमाटी तरकारी तथा फलफूल बजार समितिले त्यसको समन्वय गर्नुको सट्टा काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने झैं इजरायल र जापान जाने चटारोमा लाग्नु मामाको धन फुपुको श्राद्ध उखानलाई चरितार्थ गर्ने भन्दा अरु केही हुन सक्ने देखिंदैन ।

"माटोको उर्वराशक्ति बढाऔं
कृषि उत्पादनको बृद्धि गरौं ।"
गुणस्तरीय साल्ट ट्रेडिङ्ग युरिया मल प्रयोग गरौं ।
युरिया
नाईट्रोजन ४६%
नेपाल सरकारद्धारा अनुदानित मल
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
कालिमाटी, काठमाडौं
फोन : ४२७१०१४
इमेल : trade@stcnepal.com

# कृषि मौसम सल्लाह सेवा बुलेटिन

**जारी मिति : ७ जेठ २०७३**

अवधि : ७ जेठ २०७३ - १३ जेठ २०७३

**लागि : बाँके, रुपन्देही, बारा जिल्ला**

(जारी गर्ने: PPCR/BRCH/AMIS Project, MOAd,AERD, NARC and Agro-met Section, DHM)

## मौसमी तथ्यांकहरु

### २४ बैशाख २०७३ देखि ३० बैशाख २०७३ सम्मको मौसमी अवस्था

| मौसमी विवरण | जिल्ला | | |
|---|---|---|---|
| | बांके | रुपन्देही | बारा |
| कूल बर्षा (मि.मी.) | २०.० | ५.८ | ११.० |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | ३३.९-३९ | ३०.८-३८.२ | ३४.०-३८.८ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | २०.७-२४.० | २२.५-२८.१ | २२.०-२६.५ |
| अधिकतम सापेक्षित आर्द्रता (%) को दायरा | ६२.३-९३.३ | ५५-८३ | ५६-९१ |
| न्यूनतम सापेक्षित आर्द्रता (%) को दायरा | ३२.४-५९.४ | ३०-५५ | ३६-४९ |
| हावाको गति(मि/से)को दायरा | ३.२५-९.५ | ३.५-१०.३३ | २.५-६.६६ |
| हावाको दिशाको दायरा | उत्तर-पूर्व | दक्षिण पूर्व- दक्षिणपश्चिम | उत्तर पूर्व-पूर्व |

### ३१ वैशाख २०७३ देखि ६ जेठ २०७३ सम्मको मौसम विवरण

| विवरण | जिल्ला | | |
|---|---|---|---|
| | बांके | रुपन्देही | बारा |
| बर्षा (मि.मी) | ०.० | ०.६ | ५५.६ |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | ३८.३-४२.८ | ३६.३-४१.० | ३१.२-३७.५ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | २३.६-२७ | २४.५-२७.० | २२.०-२६.० |
| अधिकतम सापेक्षित आद्रता () को दायरा | ६८.९-८४.९ | ४०-६० | ५७-८२ |
| न्यूनमत सापेक्षित आद्रता | २८.२-८४.४ | ३०-५० | ४५-६८ |
| हावाको गति <sub></sub>रक | १.७५-१० | ६.५-१९ | ३-९ |
| हावाको दिशा | उत्तर- पूर्व | दक्षिण पूर्व - दक्षिण पश्चिम | दक्षिण पूर्व - पूर्व |

## कृषि सल्लाह

**क) मौसम विश्लेषण :**

**गत हप्ताको समग्र मौसमी विश्लेषण (वाँके)**

**बाँके** : गत हप्ताको दिउंसोको तापक्रम ४२.८° सेल्सियससम्म पुग्यो। र न्यूनतम सापेक्षिक आर्द्रता २८.२% रह्यो।

**रुपन्देही** : गत हप्ताको दिउंसोको तापक्रम ४१° सेल्सियतसम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ३०% रह्यो।

**बारा** : गत हप्ता दिउंसोको तापक्रम ३७.५° सेल्सियससम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४५% रह्यो।

गत हप्ताको मौसम पूर्वानुमान अनुसार न्यून चापिय प्रणाली निस्क्रिय हुंदै गएकोले बांकेमा बर्षा भएन। भने रुपन्देही (०.६ मिमि) र बारा (५५.६मि.मि) बर्षा भयो। बांके र रुपन्देहीमा अधिकतम तापक्रममा बृद्धि भयो। तर बारामा अधिकतम् तापक्रममा गिरावट आयो।

**आउंदो हप्ताको मौसम अवस्था (वाँके)**

आगामी हप्ताको शुरुमा स्थानीय वायु र न्यून चापीय रेखाको प्रभावका कारण मौसम सामान्य बदली भई मेघ गर्जन सहित क्षणिक बर्षा हुने सम्भावना छ। साताको मध्यपछि आकाश सामान्य सफा रहनेछ। आंशिक बदलीको कारण अधिकतम तथा न्यूनतम तापक्रममा केही घटबढ हुने छ।

ख) बालीनाली :

**१ धान :**

० बर्षे धानबालीबाट राम्रो उत्पादन लिन सिंचित क्षेत्रका लागि सिफारिस गरिएका जातहरु स्वर्णा सव - १, सावित्री मकवानपुर -१, रामधान, लल्का बासमती र असिंचित क्षेत्रका लागि सख्ख धान १, सुख्खा धान २ सुख्खा धान ३ सुख्खा धान ४ सुख्ख धान ५, सुख्ख धान ६, तरहरा १, हर्दिनाथ २, राधा ११ र लोकतन्त्र तथा घैया धानका लागि विन्देश्वरी, घैया १ र घैया २ लगाउनु उपयुक्त हुन्छ। तसर्थ यी जातका धानहरुको बीउको व्यवस्था गर्नु होला।

० **बारा** : धान खेतमा पात बेरुवा किराको प्रकोप २५-३०% सम्म देखिएमा विषादीाके प्रयोग नगर्नुहोला। (धान खेतमा भएका मित्र जीव किराहरु नष्ट हुने भएकाले) तर ३०% भन्दा बढी क्षति देखिएमा मात्र अल्फा म्याथ्रिन १०% इ.सी., १.५ एमएल प्रति लिटर पानीमा मिसाएर २० लिटर प्रति कट्ठाको दरमा धानको पात भिज्ने गरी छर्ने।

**स्वस्थ धानको बीउ छानौं, उत्पादन बढाऔं**

धानबालीमा धेरै किसिमका रोगहरु लाग्दछन्। ती मध्ये केही बीउबाट सर्दछन्। सवै किसिमका रोगहरु बीउको गुणस्तर र स्वास्थ्यमा असर पार्दछ। जसको कारण बीए रोगी हुन्छ। रोगी बीउ साधारणतया साना आकारका, विग्रिएका, चाउरिएका, दाग भएका र सेप्रा हुन्छन्। त्यस्ता बीए स्वस्थ बीए भन्दा तौलमा हलुका हुन्छन्। यदि हलुका बीउहरु छुट्याएर गह्रौं बीउलाई मात्र बीउको रुपमा प्रयोग गरेमा धानको उत्पादन र गुणस्तर बढ्छ।

**स्वस्थ धानको बीउ छान्ने विधि**

३ लिटर पानीमा लगभग ५०० देखि ६०० ग्राम नून एउटा बाल्टीनमा राम्ररी घोल्ने (मसिनो धानको लागि ५०० ग्राम र मोटा धानको लागि ६०० ग्राम) घोलिएको नून पानीमा एक केजी जति धान खन्याउने, एकैछिन् चलाउने र एक मिनेट जति बीउलाई तैरिन/थिग्रिन दिने। तैरिएको बीउ र थिग्रिएको बीउलाई अलग अलग भिकेर छुट्टै राख्ने। उक्त नून पानीको घोलबाट ३ केजी बीउसम्म छान्न सकिन्छ। बीउको मात्रा धेरै वा थोरै भए सोही अनुरुप नून पानीको घोलको मात्रा बढाउन वा घटाउन सकिन्छ। थिग्रिएको बीएलाई सफा पानीले राम्ररी पखाली ब्याड राख्ने वा छरुवा धान भए सिधै छर्ने। यसरी छानेको बीउलाई सोही दिन व्याड नराख्ने वा नछर्ने भए वीउलाइ पानीले पखाली छहारीमा राम्ररी सुकाएर राख्न सकिन्छ। तैरिएको बीउलाई पानीले पखालेर र सुकाएर अन्य प्रयोजनमा ल्याउन सकिन्छ।

२. **मकै**

० वसन्ते मकैको गवारोको व्यवस्थापन गर्न कार्बोफ्युरन ३ जी, ३-४ दानाको दरले अथवा फिप्रोनिल ३ जी २-३ दानाको दरले हातमा पन्जा र मुखमा मास्क लगाई बोटको गुवोमा राख्नु पर्दछ।

० बर्षे मकै खेतीबाट राम्रो उत्पादन लिनका लागि सिफारिस गरिएका रामपुर कम्पोजिट, अरुण १, अरुण २, र रामपुर २ मकैका जातहरु ६५० ग्रामदेखि १ केजी बीउ प्रति कट्ठामा लगाउने तर छिटो पाक्ने र ढिलो रोप्दा पनि हुने जातको लागि अरुण १ र अरुण २ को चयन गर्नु उपयुक्त हुन्छ।

० बर्षे मकै लगाउनु २०-२५ दिन पूर्व ३००-५०० केजी प्रांगारिक मल माटोमा राम्रोसंग मिलाउने र २ केजी ७५० ग्राम डिएपी, १ केजी ६४० ग्राम युरिया तथा २ केजी ११० ग्राम म्युरेट अफ पोटास प्रति कट्ठाको दरले जमिनको अन्तिम तयारीको बेला माटोमा प्रयोग गर्नुपर्दछ।

३. गहुँ :

० भण्डारण गरेको बीउलाई कीराबाट जोगाउन भकारीको माथिल्लो भागको बीउमाथि ४-५ इन्च जति छहारीमा सुकाएको किलो निम, वकाईनो र तितेपाती जस्ता विरुवाको पातहरु राख्ने गरेमा पनि कीरा लाग्ने सम्भावना कम हुन्छ।

० बीउमा कीरा लाग्न नदिनको लागि सेलफसको २-३ चक्की मलमल कपडामा बेरेर १ मेट्रिक टन भण्डारण गरेको बीउमा भकारी भित्र हात घुसाएर ६-१२ इन्च भित्र भकारीमा राखी हावा नछिर्ने गरी वन्द गरेर राखेमा कीराबाट बनाउन सकिन्छ।

४ उखु :

० उखु रोपेको ८०-९० दिनमा दोस्रो गोडमेल गरी उखुको फेदमा माटो चढाउने १.७५ केजी युरिया मल प्रति कट्ठाको दरले प्रयोग गर्नुपर्दछ। युरिया मलको प्रयोग गर्ने बेलामा खेतमा प्रशस्त चिस्यान हुनुपर्ने भएकोले यदि चिस्यानको कमी भए सिंचाई गरेर मात्र युरिया मलको प्रयोग गर्न लाभदायक हुन्छ।

० उखु बालीमा माटोको सतहमा नयां गुवोमा एक भन्दा बढी स साना प्वालहरु देखिएमा टुसा पसाउने गवारो (Early shoot borer) को प्रकोप हुने सम्भावना भएकोले यसको प्रकोप कम गर्न ३ इन्च जति माटो चढाउने र हल्का सिंचाईको व्यवस्था गर्दा यो कीरा नियन्त्रण गर्न सकिन्छ।

**५ फलफूल बाली**

० केरा खेतीको लागि तरवारपाते कोथ्रा छानी गानालाई वेभिष्टिन २ ग्राम प्रति लिटर पानीको घोलमा १५ मिनेट डुवाई रोप्नुपर्दछ।

० केराको काइयो बनिसकेको छ वा घरीमा कोसा लाग्न छोडेको छ भने बुङ्गा काटेर हटाउनु पर्दछ।

० केरामा फल लागिसकेपछि केराकोघरीमा १% बोर्डेक्स मिश्रण (एक लिटर पानीमा १० ग्राम चुन, १० ग्राम निलो तुथो मिसाएको झोल) १-१ महिनाको अन्तरमा छर्दै गर्नाले कोत्रेरोगको व्यवस्थापन हुन्छ।

० केरामा पोटासियमको कमी भएमा पुराना पातको टुप्पो पहेंलो हुने तथा भित्र पट्टी बांगिएर मर्ने, बोटको आंख्ला छोटो भई होचो हुने तथा केराको काइयो छोटो, पातलो फलको आकार विग्रिने हुनाले पुष माघमा पोटास नराख्नु भएको भए यसै महिनामा ४०० ग्राम म्यूरेट अफ पोटास प्रति बोट बर्षको दरले राख्नु पर्दछ।

० बढ्दो तापक्रमको साथै लगातार बर्षा भई आर्द्रता बढी भएमा आंपमा कोत्रे रोग लाग्दछ। छिप्पिएका वा भण्डारण गरिएका फलमा यो ढुसी लागेमा काला, गोलाकार दागहरु देखिन्छन् र फल नरम भएर कुहिएर जान्छ। यसैले रोग लागेका हांगाहरु कांटछांट गरी, झरेका पातहरु जलाउनु पर्दछ। साथै १% बोर्डो मिश्रण वा ब्लाईटक्स ५०, २ग्राम प्रति लिटर पानीमा घोली १०-१५ दिनको फरकमा ३-४ पटक छर्नु पर्दछ।

० यस मौसममा आंपमा होपरको अत्याधिक प्रकोप देखिने भएकोले इमिडाक्लोप्रिड १७.८ एस.एल.१ एम एल प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ।

० आंपमा चुसाहा (कत्ले, लाही, फड्के) कीराहरुले रुखको पात तथा हांगाहरुमा चुसेर त्यसमा एक प्रकारको मह जस्तो गुलियो पदार्थ छाड्छन्। र त्यसैमा ढुसी पुरै पाता, काण्ड वा फलको सहतहमा कालो पत्रलेको व्यवस्थापनको लागि एट्सो वा सर्वो तेल १०-१५ एम एल प्रति लिटर पानीमा घोली २-३ पटक छर्नु पर्दछ।

तरकारी बाली :

० भिण्डीमा फल र डांठमा प्वाल पार्ने कीराको प्रकोप हुने हुंदा नियमित अवलोकन गर्नुपर्दछ। यस्तो लक्षण देखिएमा क्षति भएको भाग काटेर जलाई दिनु पर्दछ।

०भिण्डीमा फड्के कीराको समस्या देखिने हुनाले फल टिप्ने अवस्था भन्दा पहिले यसको प्रकोप देखिएमा फिप्रोनील ८० डब्लु, पी.५ ग्राम १६ लिटर पानीमा घोलेर छर्नुपर्दछ। वा इमिडाक्लोप्रिड १७.८ एस एल १ एम एल एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। फल टिप्ने अवस्था छ भने मालाथिइन ५० इ.सी २ एम.एल एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। वा डाइक्लोरोभस ७६ इ.सी २ एम एल एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। मालाथियन छर्केको ७ दिनसम्म र डाइक्लोरोभस छर्केको ५ दिनसम्म फल टिप्नु हुंदैन।

० भण्टाको डांठ तथा फलको गवारो व्यवस्थापनको लागि गवारोको कारण ओइलाएको मुण्टा, पात तथा फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने। क्लोरानट्रानिलिप्रोल(कोराजेन) १८.५ इसी ०.२ मिलि प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी छर्ने।

० गोलभेंडाको फलको गवारो व्यवस्थापनको लागि कुहिएको फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने। साथै माटोमा चिस्यान कायम राख्ने र यसको व्यवस्थापनको लागि १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा ज्बल्एख (हेली एन.पि.भी) २५० LE को १.५ मिलि हालेर सांझको समयमा स्प्रे गर्नुपर्दछ। वा क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इसी १.० मिलि प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी स्प्रे गर्नुपर्दछ।

० खुर्सानीमा भाइरस रोग लागेको भएमा भिर्कोन एच झोल १ एम.एल प्रति लिटर पानीमा मिसाई छर्कनु पर्दछ।

० कांक्रो, फर्सी समूहको लहरे बालीमा लिफ माइनरको प्रकोप कम गर्नको लागि तल तलको पुरानो पातहरु हटाउनु पर्दछ।

० कांक्रो, फर्सी समूहको लहरे बालीमा पाउडरी मिल्ड्युको प्रकोपबाट बच्नको लागि क्याराथेन २ एम.एल प्रति लिटर पानीमा घोली छर्नु पर्दछ।

० लौकामा गमी स्टिम ब्लाईट ( डांठमा चोप निस्कने डढुवा) देखिएमा ब्लाइटकस ५० प्रतिशत ५ ग्राम प्रति लिटर पानीमा घोलेर विरुवाको डांठमा लेपन गर्नुपर्दछ। साथै १५ दिनको फरकमा व्लाइटक्स ५० प्रतिशत २ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुपर्दछ।

० फल दिने बाली गोलभेंडा, भण्टालाई अरु बाली भन्दा अलि बढि खाद्यतत्वको आवश्यक हुने भएकाले पहिलो बाली टिपिएको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटको दरले टपड्रेस गर्नुपर्दछ। यस्तै गरी सुक्ष्म खाद्य तत्व जस्तै मल्टिप्लेक्स/ट्रिप्लेक्स/ एग्रोमिनलाई २ एमएल प्रति लिटर पानीमा घोलेर बोटमा स्प्रे गर्नुपर्दछ।

० करेला बालीमा गवारोले धेरै क्षति पुऱ्याउने भएमा रोगर ३० ई.सी. २ एमएल प्रति लिटर पानीमा मिसाई सांझको समयमा बोट भिज्ने गरी छर्नु पर्दछ।

**फल कुहाउने औसा**

० कांक्रो, फर्सी समूहको लहरे बालीमा फल कुहाउने औंसबाट बच्नको लागि क्यु ल्युर युक्त बोटल ट्राप प्रति हेक्टर ८ ओटाको दरले राख्नु पर्दछ। साथै प्रत्येक २ हप्तामा नयां क्यु ल्युर युक्त बोटल परिवर्तन गर्नु पर्दछ।

# कृषि विमाप्रति किसान उत्साहित

बुटवल । केही समय पहिला जिल्ला कृषि विकास कार्यालय रुपन्देहीमा एक कार्यक्रम आयोजनामा रुपन्देहीको सिक्टहन गाविसमा ३ कठ्ठामा लगाइएको टमाटर खेती नष्ट भएपछि विमा गरेकी मन्जु मुल्लाहले २७ हजार क्षतिपूर्ति पाईन । आफ्नो तरकारी खेतीको विमा गरेकी उनले भन्दै थिईन्-पहिला विमा भन्ने विषयमा केही जानकारी थिएन, अहिले आएर बल्ल थाहा पाए, ३ कठ्ठाको टमाटर नष्ट भएपछि क्षतिपूर्ति पाउदा खुसी लागेको छ ।

यो एउटा प्रतिनिधि उदाहरण मात्र हो । रुपन्देहीमा पछिल्लो समयमा कृषि बाली विमा गर्ने किसानहरुको संख्या बढ्दो छ । गत वर्ष पुस १८ गते रुपन्देहीमा पहिलो पटक दयानगर गाविस-७ छपियामा रहेको ग्रिन साईन कृषि फार्मले माछाको विमा गरेको थियो । बुटवलमा जिल्लामा कार्यरत विभिन्न कम्पनी मार्फत माछाका अहिले किसानहरुले माछाको विमा गर्दै आएका छन् ।

जिल्ला कृषि विकास कार्यालयबाट अनुदानको रुपमा प्रदान गरिने विभिन्न कार्यक्रमरुमा किसानहरुलाई बाली क्षति भएपनि कुनै घाटा नलागोस भन्ने हेतुले अनिवार्य रुपमा विमाको अवधारणा ल्याएपछि बाली विमा गर्ने किसानहरुको संख्या बढ्दै गएको जिल्ला कृषि विकास कार्यालय रुपन्देहीका प्रमुख बरिष्ठ कृषि विकास अधिकृत भोजराज सापकोटा बताउछन् ।

उनी भन्छन्-किसानले १ लाख रुपैया बराबरको अनुदानको लागि साढे १२ सय रुपैयामा विमा गर्दा यदि कुनै कारणले पुरै बाली नष्ट भएमा ९० हजार रुपैया विमा बापत पाउछ, त्यहि भएर हामीले अनिवार्य विमा योजना ल्याएका हौं । कृषि विमा गरेपछि किसानहरुको आर्थिक जोखिम कम हुने भएको कारण पनि विमा योजना अगाडि बढाइएको उनको भनाई रहेको छ । रुपन्देहीमा जिल्ला कृषि विकास कार्यालयसंगको संमन्वयमा सिद्धार्थ ईन्स्योरेन्स कम्पनी लिमिटेडले बालीमा बिमा गर्दै आएको छ । नेपाल सरकार कृषि मन्त्रालय, कृषि विभागसंग भएको सम्झौता अनुसार सिद्धार्थ ईस्योरेन्स कम्पनीले रुपन्देहीमा किसानहरुले लगाएको वालि तथा पशुको विमा गर्दै आएको छ ।

उक्त कम्पनीका बाली तथा पशु विमा प्रमुख डोलराज गैरेका अनुसार रुपन्देहीमा केही समयदेखि बाली विमा गर्ने किसानहरुको संख्या बढ्दो छ । उनका अनुसार जिल्लामा बाली तर्फ चैते धान, गहु लगायत, माछा, तरकारी तर्फ टमाटर, काउली, केरा खेती लगायतमा किसानहरुले विमा गर्ने गरेका छन् । विमा गरेपछि जोखिम कम गर्नको गर्न सघाउने पुऱ्याउने भन्दै नेपाल सरकारले प्रदान गर्ने अनददानमा अनिवार्य रुपमा विमा गर्नुपर्ने व्यवस्था गरेको छ । जसको कारण किसानहरुलाई आर्थिक व्ययभार कम पर्ने जनाइएको छ ।

रुपन्देहीमा सवैभन्दा बढि किसानहरुले टमाटर खेतीमा, केरा खेती र माछा खेतीमा विमा गर्ने गरेका छन् । सिद्धार्थ ईन्स्योरेन्स कम्पनीले करिव ५/६ महिना देखि विमा गर्ने गरेकोमा छोटो समयमा नै किसानहरु उत्साहित रुपमा विमा गर्न कस्सिएका छन् । अहिले जिल्लाको करिव ४ हेक्टर क्षेत्रफलमा लगाइएको चैते धानमा विमा गरिएको छ भने युवा लक्षित कार्यक्रममा अनुदान पाएका किसान ६६ जनाले प्रत्येक एक विघा क्षेत्रफलमा लगाएको तरकारी तथा अन्य बालिजन्य उत्पादनमा समेत विमा गरेका छन् । एक सिजनमा ६६ हेक्टर क्षेत्रफलमा विमा गरिएकोमा अर्को चरणको कार्य जारी रहेको जिल्ला कृषि विकास कार्यालय रुपन्देहीले जनाएको छ । जिल्ला कृषि विकास कार्यालय रुपन्देहीका मत्स्य विकास अधिकृत रमेश जैसवालका अनुसार माछामा पनि किसानहरुले जोखिम कम गर्न क्रमस विमाको अवधारणा बढाउदै लगेका छन् । माछाको विशेष पकेट क्षेत्रको रुपमा लिइएको रुपन्देहीको दयानगर, छपिया क्षेत्रका किसानहरुले माछाको विमालाई समेत अगाडी बढाएका छन् । रुपन्देही जिल्लामा ७ प्रजातीका माछाहरु सिफारिस जातमा परेका छन् । चाईनीज कार्भ अर्न्तगत सिल्भर कार्भ(पहेलो माछा), ग्रास कार्भ(घास खाने माछा), विग्रेट कार्भ रहेका छन् भने ईन्डियन कार्भ अर्न्तगत रहुँ, नैनी, भ्याकुर, कमनमा सिल्भर कार्भ रहेका छन् ।

# प्याक्टको सहयोगमा दूध प्रशोधन केन्द्र

उद्योग मन्त्री सोमप्रसाद पाण्डेले आगामी बजेट किसानमुखी हुने बताएका छन् । बाराको भोडाहास्थित साना किसान सहकारी संस्था लिमिटेडले निर्माण गरेको दुध संकलन तथा प्रशोधन केन्द्र भवनको उद्घाटनका क्रममा मन्त्री पाण्डेले सो कुरा बताएका हुन् ।

मन्त्री पाण्डेले कृषि उत्पादनको आयात प्रतिस्थापन गर्ने सरकारी योजना रहेको पनि बताए । उनले कृषि क्षेत्रलाई




उद्योगका रुपमा विकास गर्ने पनि प्रतिवद्धता व्यक्त गरे । उनले संविधान जारी भइसकेको अवस्थामा आर्थिक विकासतिर लम्कन सवैलाई आग्रह पनि गरे ।

सात सय सय ८३ सेयर सदस्य रहेको साना किसान सहकारी संस्थाले हाल ६ करोड २० लाख रुपैयाको कारोबार गर्दै आएको छ । संस्थाले २०७१ भदौमा नेपाल सरकार कृषि विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको



व्यवसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) संग पूरक अनुदान सम्झौता गरी दुध संकलन, प्रशोधन तथा बजारीकरण उपआयोजना सञ्चालन गर्दै आएको छ । उपआयोजना सञ्चालनकालागि प्याक्टबाट २५ लाख ३६ हजार ८ सय र सहकारी संस्थाले १८ लाख २८ हजार रुपैया लगानी गरी उपआयोजना सञ्चालन गर्ने सम्झौतामा उल्लेख छ । हालसम्म संस्थाले दुध संकलन केन्द्र निर्माण गरिसकेको छ भने दुध चिस्याउने चिलिङ भ्याट एउटा खरीद गरिसकेको संस्थाका अध्यक्ष पूरनदेव प्रसाद रौनियारले जानकारी दिए । कार्यक्रम रौनियारकै अध्यक्षतामा आयोजना गरिएको थियो ।

त्यस्तै दुध संकलनका लागि २० वटा मिल्क क्यान खरीद गर्नुका साथै मिल्क एनालाइजर पनि १ थान खरीद गरेको छ । त्यस्तै दुध चिसो पार्न बिजुलीको आपूर्तिका लागि ३० केभीएको जेनेरेटर तथा प्रशोधन केन्द्रबाट निस्केको फोहोर व्यवस्थापनका लागि सकपिट पनि निर्माण गरिएको छ । सरकारी अनुदान पाएको बारे सर्वसाधारणलाई जानकारी गराउन एकपटक सार्वजनिक सुनुवाइ समेत सम्पन्न भएको छ भने किसानहरुलाई व्यवसायिक पशुपालन सम्बन्धी जानकारी गराउन अध्ययन भ्रमण समेत संस्थाले आयोजना गरिसकेको अध्यक्ष रौनियारले बताए ।

२०७१ को माघ १७ गते तत्कालीन युवा तथा खेलकुदमन्त्री पुरुषोत्तम पौड्याल र प्याक्टका तत्कालिन आयोजना निर्देशक योगेन्द्रकुमार कार्कीले संयुक्त रुपमा दुध प्रशोधन भवनको शिलान्यास गरेका थिए । सोही भवनको वर्तमान उद्योग मन्त्री पाण्डेले उद्घाटन गरेका थिए । उपआयोजना सञ्चालनको यस अवधिमा सहकारीले १ लाख ५५ हजार लिटर दुध बिक्री गरी करिव ९० लाख आम्दानी



गरेको रौनियारले कार्यक्रममा बताए । कार्यक्रमलाई पूर्व युवा तथा खेलकुद तथा बाराका सांसद पुरुषोत्तम पौड्याल, सांसदहरु बलवीर चौधरी र मधुशाही ठकुरी, व्यवसायिक कृषि तथा व्यापार आयोजना कार्यान्वयन सहयोग समूह ललितपुरका वरिष्ठ अनुगमन तथा मुल्यांकन अधिकृत बासुदेव शर्मा, बाराका प्रमुख जिल्ला अधिकारी लगायतले सम्बोधन गरेका थिए ।

**प्याक्टबाट २५ लाख ३६ हजार ८ सय रुपैयां लगानी**
**सहकारी संस्थाले १८ लाख २८ हजार रुपैयां लगानी**
**दूध संकलन केन्द्र निर्माण सम्पन्न**
**एउटा चिलिङ भ्याट एउटा खरीद**

## दूधमा ......

चनौली चिस्यान केन्द्रमा सरदर दैनिक ६ हजार देखि ६५ सय सम्म दुध संकलन हुने गर्दछ । त्यसमा करीव १ हजार पानी मिसाउदा ७ हजार देखि ७५ सय सम्म दुधको चलान बनाएर अनियमितता गर्ने गरेको दुग्ध विकास संस्थान श्रोतले बतायो । श्रोतका अनुसार कर्मचारी रामकेवल राय यादवले मासिक १२ लाख रुपैयाँ सम्म दुधमा पानी मिसाई घोटाला गरेका छन् । उनी माथिवाटै चलाइएका व्यक्ति भएकाले कार्वाही गर्नुको सट्टा केन्द्रमा सरुवा गरिएको अन्य कर्मचारीको गुनासो छ ।

दुधमा पानी मिसाएर आयोजनामा लैजाने गरिएको गुनासो बढेपछि छानविन गर्न दुग्ध विकास संस्थानका अध्यक्ष खेम थापा चनौली चिस्यान केन्द्र आएका थिए । अध्यक्ष थापा सहितको अनुगमन टोलीले छानविन गरी उनलाई त्यहाबाट हटाउन बोर्ड बैठकमा कुरा अगाडि बढाउदा संस्थानका महाप्रबन्धक गंगा तिमिल्सिनाले 'उसलाई चलाउन हुदैन् भनेको संस्थान श्रोतले बतायो । कर्मचारी यादवले दुग्ध विकास संस्थानका महाप्रबन्धक गंगा तिमिल्सिनालाई रकम पठाउने गरेकोले सरुवा गर्न नचाहेको तर संस्थानका अध्यक्ष लगायत बोर्डले दवाव दिएपछि मात्र बाध्य भएको श्रोतको भनाई छ । सो विषयमा दुग्ध विकास संस्थानका महाप्रवन्धक गंगा तिमल्सेनाले भने सो कुरा मिलिसकेकाले समाचार नबनाउन आग्रह गरेका थिए । कर्मचारीहरुको नियमित सरुवामा दुई कर्मचारी सरुवा गरिएको बताउंदै सानो कुरालाई किन ठूलो बनाउनु भन्दै उनी तर्किए ।

तर चितवनमा कार्यरत कर्मचारीहरु चिस्यान केन्द्रमा तयार गरिएको पुराना लगत र दूधको परिणाम सहित उल्लेखित किसानहरु नाम भिडाएर सत्यतथ्य बाहिर ल्याउन विगतदेखि नै माग गरेको भएपनि दुग्ध विकास संस्थानले त्यसो गरेको छैन । श्रोतका अनुसार चिस्यान केन्द्रबाट दुई कर्मचारी सरुवा गर्नु भन्दा अगाडि नै दूध संकलन गरिएको लगत नै नष्ट गरिएको छ । दुग्ध विकास संस्थानकै उच्च अधिकारीहरुको मिलेमतोमा सो कार्य भएकाले अख्तियारले नै छानविन गर्नु पर्ने उनीहरुले माग समेत गरेका छन् ।

- बिल अधिकारी

## कृषि कार्यालय अनुगमनमा

चितवन । जिल्ला कृषि विकास कार्यालयबाट चितवन जिल्लास्थित विभिन्न कृषि पकेट क्षेत्रहरुमा अनुदान कार्यक्रमबाट सञ्चालित तरकारी खेतीको अनुगमन निरीक्षण तथा अवलोकन गरिएको छ । विभिन्न स्थानमा युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रमको अनुदान मार्फत सञ्चालन भएका तरकारी खेतीको अनुगमन गरेको हो । उक्त कार्यक्रममार्फत आर्थिक वर्ष ७२र७३ मा पहाडका २४ र तराईका ४४ गरी जम्मा ६८ किसानले अनुदान रकम प्राप्त गरेका थिए ।

अनुदानको मापदण्ड फरक भएकाले पहाडका किसानलाई प्रति साढे सात काका दरले ४० हजार र तराईका किसानलाई प्रति बिघा ६० हजारका दरले अनुदान प्रदान गरिएको थियो । कार्यक्रम सुरु भएको आर्थिक वर्ष ७०र७१ मा ४५ जनालाई र आर्थिक वर्ष ७१र७२ मा ६० जना किसानलाई अनुदान रकम दिइएकोमा हाल यो वर्ष ६८ जनालाई अनुदान दिइएको हो ।

**माटो स्वस्थताको लागि प्रांगारिक मल**

हरेक जिल्लामा रु.१० अनुदानमा प्रांगारिक मल उपलब्ध छ । अनुदानित मलको प्रयोग गरी अनुदानको सदुपयोग गरौं, माटोको स्वास्थ्य सुधार गरौं ।

माटो व्यवस्थापन निर्देशनालय
हरिहरभवन, ललितपुर

**हामी नेपालीहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ । नयां प्रविधि र नयां क्षेत्रहरुमा हामी जानैपर्छ । मुख्यत : हामीमा प्रतिवद्धता, लगनशीलता आंट र साहस चाहिन्छ ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# Fish farming growing up in Parsa

Birgunj : Parsa is witnessing the production of around 9,000 metric tons of fish every year. The Fishery and Fishpond Construction Special Project launched by the government some six years ago has been successful in bringing positive change in the livelihood of farmers.

According to District Agricultural Development Office's information and publicity officer Munnilal Prasad, fish production in the district is 4.5 metric tons per hectare and this was possible due to the implementation of the project.New fishponds have been constructed in around 41,000 hectares of land in the past four years, he said.

A farmer is getting the grant assistance of Rs 100,000 per hectare from the Office to construct a fishpond. Fish farming is conducted on 340 hectares of land and fish farmers here are becoming self-sufficient as their business continues to grow up.

The district now does not need import fish as domestic production is sufficient to meet demand. Besides, the district supplies fish produced here to Indian bordering markets to Pokhara, Malekhu and the capital.The Office has provided aerators and fish feed pellet machines to some farmers free of cost. There are around 865 farmers engaged in pisciculture in the district.

# promoting Argeli farming

Ilam : The Japan International Cooperation Agency (JICA) has started the feasibility study for the promotion of cultivation of the Argeli plant in Ilam and Panchthar districts of east Nepal.

The hand-made paper made using the fibre from the bark of the Argeli plant is used in making the Japanese Yen currency notes. Most of the hand-made paper using the bark of the Argeli, a shrub, is exported to Japan. Although handmade paper from the Argeli plant has been manufactured in the district since two years back, its commercial cultivation is not yet in practice.

Kanpou Inc., a government-owned paper company of Japan, has been assisting in the promotion of export of handmade paper made from Argeli plant known as Mitsumata in Japan. The plant is found in abundance in Mabu, Maimajhuwa, Chamaita, Puwamajhuwa, Sankhejung and Maipokhari of Ilam district.

# Rajasthan seeks Israeli technique to strengthen agricultural sector

JERUSALEM: Rajasthan has sought Israeli technology to increase crop yield , strengthen dairy sector , help water management , learn grafting techniques and increase shelf life of fruits and vegetables with the purpose of doubling its farmer's income in the state.

"We already have a strong cooperation going on with Israel in the agriculture sector. Their help, extended through the establishment of two Centre of Excellence and a third one under development, is highly appreciated by us," said Agriculture Minister Prabhu Lal Saini , who is leading a delegation from the state on a five-day tour of Israel to strengthen cooperation in the agriculture sector.

"These Centre have helped boost production of citrus, pomegranate and date palm. We are now looking to further strengthen this partnership through technology transfer," he said. "We have similar agro-climate conditions in Israel and Rajasthan. Like Israel we also face scarcity of water, have arid climate and a short winter. The farmer accompanying me are impressed with the facilities and technologies displayed to us on this trip. We seek greater cooperation to take this partnership to the next level," Saini told PTI.The Rajasthan Agriculture Minister is accompanied by 16 farmers from the state who have visited wide ranging facilities in Israel and have expressed general appreciation for the techniques displayed to them.

"Our government led by Chief Minister Vasundhara Raje aims to double the farmer income by 2020 and first step towards this is to expose farmers to agri-business industry. The delegation here has been brought with the purpose of providing farmers exposure to best international practices so that they can gain knowledge to boost their production and income," Saini said. "There is so much to learn from Israel in the field of dairy sector, water recycling, horticulture etc. But the farmers are particularly interested in learning grafting technique and identifying technologies to increase shelf life," he added.

The Rajasthan minister has also invited Israel to be a partner country in Global Rajasthan Agri-tech Meet ( GRAM ) from 9-11 November in Jaipur.The head of MASHAV , Israeli foreign ministry's wing dealing with international cooperation in the field of agriculture, Gil Haskal , said that India is Israel's largest development partner and he sees a lot of potential to further enhance this cooperation.

# Storm destroys banana plants in Chitwan

Chitwan : A heavy windstorm occurred on Sunday night in Chitwan district has damaged the banana farming in various places in the district.

According to Bishnu Hari Panta, Chairman of Banana Farmers Association (BFA), the windstorm caused damage to banana cultivated in Ratnanagar, Pithwa, Jagatpur, Jutpani and Padampur among other places, incurring a loss of more than Rs 340 million.

"More than 15,000 banana plants have been damaged due to the windstorm," he shared.

Earlier in April, a total of 9,000 banana plants were recorded to have sustained damages in similar incident, according to Dhan Bahadur Thapa, Horticulture Development Officer, at the District Agricultural Development Office (DADO), Chitwan.

Banana farming in Chitwan has covered 2,200 bighas of the total land in the district which fetches around Rs 600 million annually, according Horticulture Development Officer Thapa.

# Minister inaugurates milk collection and processing industry

Kalaiya : Industry Minister Som Prasad Pandey inaugurated a milk collection and processing industry established by Small Farmers Agriculture Cooperative Organization Bhodahad amid a function on Wednesday.

On the occasion, he said the agriculture development can make the country's development possible. The Minister shared that the government has the plan to run Birgunj Sugar Mill and Agriculture Inputs Industry on lease by involving interested private companies.

The government has the goal to substitute the import of agro products, he said, adding high priority will be placed for the industrialization by promoting hydropower, tourism and agriculture.

# 15 old-age farmers honoured

BERLIN - German drug and chemicals company Bayer confirmed Thursday it has entered talks with the Monsanto Company about the possible acquisition of the U.S.-based specialist in genetically modified crop seeds.

Leverkusen-based Bayer said in a short statement that its executives had met recently with their Monsanto counterparts "to privately discuss a negotiated acquisition of Monsanto Company." The news sent Bayer shares tumbling 7.9 percent in early trading on Germany's DAX index to 88.81 euros ($100.17). Monsanto shares jumped 8.9 percent to $105.80 in pre-market trading in New York.

Bayer AG, whose farm business produces seeds as well as compounds to kill weeds, bugs and fungus, said the proposed acquisition would help it "create a leading integrated agriculture business."St. Louis, Missouri-based Monsanto said late Wednesday that it was reviewing Bayer's proposal. Neither company gave other details.The possible deal had been rumored for a week but it was the first comment from either company.

It follows a wave of consolidation in the chemicals industry: DuPont and Dow Chemical agreed to combine last year, and ChemChina agreed to buy Syngenta of Switzerland in March after Monsanto's own bid for its Basel-based rival failed.Monsanto has some 20,000 employees and produces seeds for fruits, vegetables and other crops including corn, soybeans and cotton, as well as the popular weed-killer Roundup. Its sales have suffered recently as falling crop prices have reduced farmers' spending on its genetically enhanced seeds. Meantime, the strong U.S. dollar has meant its products are more expensive overseas.Bayer, which specializes in health care and agriculture, employs some 117,000 people worldwide and had sales last year of 46.3 billion euros

# माग भन्दा आधा कम धानको बीउ अनुदानमा

सिन्धुली । जिल्ला कृषि बिकास कार्यालय सिन्धुलीले जिल्लामा रहेको ६ वटा सेवा केन्द्र मार्फत २९ टन धानको बिउ अनुदानमा बितरण गरेको छ । कार्यालयबाट बितरण गर्दा नगरपालिकाका किसान मात्रै बढि लाभान्वित हुने गरेको गुनासो आएपछि सेवा केन्द्र मार्फत बिउ बितरण गरेको हो । कार्यालयले साबित्री र राम धान जातका धानको बिउ ९ मेट्रिक टन ५० प्रतिशत र २० मेट्रिक टन सतप्रतिशत अनुदानमा बितरण गरेको जनाएको छ । एक सेवा केन्द्र बराबर डेढ देखि २ टनसम्म धानको बिउ बितरण गरिएकाले ४ किलोसम्म किसानले धानको बिउ पाउन सकिने कार्यालयका कृषि प्रसार अधिकृत बिजय मण्डलले जानकारी दिए ।

२/४ किलो लिनेलाई सतप्रतिशत र सो भन्दा बढि लिने किसानलाई ५० प्रतिशत अनुदानमा धानको बिउ बितरण गरेको उनले बताए । अरु सेवा केन्द्रबाट बिउ बितरण भइसके पनि अहिले दुधौली र कपिलाकोटबाट भने बितरण भइरहेको बताइएको छ । जिल्लामा ५२ / ५५ टन धानको बिउ माग छ । जिल्ला कृषि बिकास कार्यालयले एक मुठी बिउ दिएर माग्ने मान्छेलाई जस्तो ब्यबहार गर्ने गरेको बेलाबेलामा किसानहरुको गुनासो पनि आइरहन्छ ।

जिल्लामा बिनियोजन भएको बजेटको आधारमा पुऱ्याउनु पर्ने भएकाले माग अनुसार आफूहरुले बिउ बितरण गर्न नसकेको कृषि प्रसार अधिकृत मण्डल स्वीकार्नु हुन्छ । तर किसानलाई बिउ बाडेर कहिले पनि बिउमा आत्म निर्भर बनाउन नसकिने हुदा आफूहरु बिउबृज बृद्धि समूह गठन गरेर जिल्लालाई बिउमा आत्म निर्भर बनाउने तर्फ लागि परेको मण्डलको भनाइ छ । अहिले भिमानमा रहेको कोपिला बृज समूह र दुधौलीको नमुना बहुउदेशीय कृषि समूहले धान, मकै र गहुको बिउ उत्पादन गर्दै आएको छ । यस आबमा कम्तीमा पनि ४/५ वटा बिउबजबृद्धि समूह मार्फत धान, मकै र गहुसंगै अन्य बिउ पनि जिल्लामै उत्पानन गर्ने लक्ष्य रहेकाले बिउ उत्पादन गर्न इच्छुक जिल्लाका कृषक समूहहरुलाई कार्यालयमा सम्पर्क गर्न पनि किसान तथा कृषक समूहहरुलाई मण्डलले आग्रह गरे ।

बिउ उत्पादनका लागि कार्यालयले मूल बिउ अनुदानमा दिनुका साथै बिउ भण्डारणका लागि मेटल बिन, ग्रेडिङ गर्ने समाग्रीसंगै बिउ उत्पालका लागि आबश्यक समाग्रीहरु सहयोग गर्दै आएको जिल्ला कृषि बिकाश कार्यालय सिन्धुलीले जनाएको छ । बिउबृजबृद्धिका लागि धेरै जमिन चाहिने, जिल्लाबाट प्राबिधिकहरु जादा सहयोग गर्नु पर्ने, बिउ उत्पालपछि भण्डारण गरेर राख्नु पर्ने लगायतका कारण किसानहरुले बिउ उत्पादन गर्न झन्झट मान्ने गरेको भन्दै मण्डलले यस्ता सामान्य प्रक्रियाहरुलाई झन्झन्टको रुपमा नलिइ सुरुमै सम्पर्क गरेमा आगामी कार्यक्रम बनाउदा बिउबृजबृद्धिको लागि बजेट बढाउने पनि बताए । - **मिमन फुलामी**

# किसानले सहुलियत रुपमा ऋण पाएनन्

काठमाडौ । कृषिको व्यावसायिक आर्जनबाट जीवन चलाउने इच्छा राखेका बच्चु ढकालको सपना अधूरो बनेको छ । अविछिन्न भोगचलन गर्दै आएको जग्गा बैङ्कले धितो लिन नमानेपछि ढकालको सपना चकनाचुर बनेको हो ।

कृषि विकास मन्त्रालयले किसानका लागि सस्तो ब्याजदरमा ऋण लगानी गरेको समाचार रेडियो र  टेलिभिजनमा सुनेपछि उनी ऋण पाइने आसामा कृषि विकास बैाक भक्तपुर पुगे । ढकाललाई गुठीजग्गा बैाकले धितो नलिने बताएपछि अन्ततः उनी  फेरि अरब जान तम्तयार भएका छन् ।

यसअघि अरबको खाडीमा कृषि कर्म गरेको सीपलाई स्वदेशमा प्रयोग गर्ने इच्छालाई  व्यवहारमा उतार्न चाहेका ढकाल पुनः विदेश जान बाध्यपर्नुमा उनी सरकारको प्रमुख दोष देख्छन् ।  सर्वोच्च अदालतले गुठीजग्गा सम्बन्धमा २०६४ साल माघ १० गते गरेको फैसलाका कारण बच्चु ढकाल जस्ता किसानले  सस्तो ब्याजदरमा ऋण प्राप्त गर्न नसकेका हुन् ।

गत फागुन १० गतेदेखि लागू हुने गरी नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकले विदेश पलायन हुनबाट रोक्न युवालाई स्वदेशमा रोजगार दिने उद्देश्यले ब्याज अनुदान सम्बन्धी कार्यविधि लागू गरेको छ । तर गरी खाने हतियार ( जमिन) वित्तीय संस्थाले धितो अस्वीकार गरेपछि बच्चु मर्नु न बाच्नुको दोसाधमा उभिएका छन् । साविक चित्तपोल गाविस निवासी ढकालले मात्र होइन अधिकांश त्यस गाविसका बासिन्दाको जग्गागुठीका नाममा रहेकाले बैाकले धितो लिन नमानेको गुठी संस्थानका उप प्रशासक सरोज थपलियाले बताए । सरकारले गुठी अधिनस्त जग्गालाई आठ वर्ष पहिले रैतानी नम्बरीमा परिणत गराउन सर्वसाधारणलाई ७५ प्रतिशत छुटको व्यवस्था गरेको थियो । सरकारको उक्त निर्णयलाई अदालतले संविधानसंग बाझिएको भन्दै रैतानी कार्य रोक्न फैसला गरेको थियो । साविक चित्तपोल गाविस हाल सूर्यबिनायक नगरपालिकामा रुपान्तरण भयो । तर त्यहांका अधिकांश जनताको आफ्नो नाममा एक टुक्रा पनि जमिन  छैन । जग्गाको मालिक सतावर्त हिटिचोक गुठी हो भने स्थानीयवासी मोही मात्र हुन् ।

अधिकांश वित्तीय संस्थाले गुठी जमिनमा खेती गर्नेलाई जग्गा धनी नमानेपछि किसानमा खेती गर्ने उत्साह नरहेको कानुन व्यवसायी तथा स्थानीयवासी हरिप्रसाद दुलाल बताउंछन् । उपप्रशासक सरोज थपलियाले मोहीलाई ऋण दिन मिल्छ वा मिल्दैन भनि वित्तीय संस्थाबाट सोधनी हुने गरेकोमा क्षेत्रफलका आधारमा तीन भाग गुठीको र एक भाग मोहीको हक कायम हुने हुंदा सोही अनुसार कर्जा लगानी गर्न सकिने जानकारी बैाकलाई लेखी पठाउने गरेको बताए । गाउंको जग्गा,  त्यसमा पनि एक तिहाइमा मात्र कर्जा लगानी गर्न सकिने भएका कारण वित्तीय संस्थाले लगानी अस्वीकार गरेका हुन्सक्ने कृषि तथा जलस्रोत समितिका सदस्य काशीनाथ अधिकारीको भनाई छ । वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछि लगातारको परकम्पबाट पुस मसान्तसम्म विदेश पलायन हुने युवाको सङ्ख्या ३२ लाख पुगेको वैदेशिक रोजगार विभागको तथ्याङ्कमा उल्लेख छ ।

स्वदेशमा बेरोजगारी र ग्रामीण क्षेत्रबाट युवा पलायन हुने समस्यालाई सम्बोधन गर्न र युवालाई कृषिमा आर्कषित गर्न व्यावसायिक तरकारीखेती पशुपक्षीपालन, जडीबुटी, तरकारी र फलफूलखेती, दुग्ध व्यवसाय, मत्यपालन, च्याउखेती, कृषि भण्डारण, शीतभण्डारण पशु बधशाला, उखु, अलैची, अदुवा, भण्डारण तथा प्रशोधन मौरीपालन, जौं, फापर, सिलाम एवम् मासुजन्य तथा व्यवसायका लागि सरकारले व्यावसायिक किसानलाई ६ प्रतिशत ब्याजमा कर्जा प्रवाह गर्ने र सोका लागि ४ प्रतिशत  अनुदान दिने व्यवस्था मिलाएको छ । सरकारले ब्याज अनुदानका लागि विनियोजन गरेको  एक खर्बमध्ये हालसम्म करिब  रु एक करोड मात्र खर्च भएको छ । जुन तथ्यबाट कृषिमा अझैपनि युवा जमात आर्कषित हुन नसकेको सङ्केत गर्छ । **– राजाराम काकी**

# उखु किसान संधै भुक्तानीको मारमा

महेन्द्रनगर । हरेक बर्ष उखु उत्पादक किसानहरुले उखु विक्री गरेको भुक्तानी प्राप्त गर्नका लागि आन्दोलन गर्नु पर्ने अवस्थाको श्रृजना हुनु दुखद् भएको किसानहरुले बताउंदै आईरहेका छन् । अहिले फेरि कञ्चनपुरका उखु किसानहरुले उखु बिक्री गरेको लामो समय भइसक्दा पनि भुक्तानी पाउन सकेका छैनन् । जिल्लाको दक्षिणी क्षेत्रमा रहेको महाकाली चिनी मिलमा उखु बिक्री गर्दै आएका किसानले अझैसम्म पनि भुक्तानी पाउन सकेका छैनन् । महाकाली चिनी मिलले पुसदेखि यता खरिद गरेको उखुको रकम भुक्तानी नपाउादा उखु किसान मारमा परेका छन् । अन्य क्षेत्रमा सरकारी दर अनुसार किसानले मूल्य पाए पनि यहाा भने प्रति क्विन्टल रु ३८५ देखि ४०१ मा उखु बिक्री गरेका थिए । चिनी मिलसाग पटक/पटक पैसा माग्दासमेत बहाना देखाएर पैसा दिन आलटाल गरेको किसानले गुनासो गरेका छन् ।

उखु बिक्रीको भुक्तानी समयमै नपाउंदा आउंदो उखुखेती समेत प्रभावित हुने देखिएको किसानले बताएका छन् । अहिले उखुखेतीका लागि अधिकांश किसानले साहुबाट ऋण लिएर खेती गरिरहेका छन् । पुनर्वास, बेलौरी र बेल्डाडीका ९० प्रतिशत किसानको करोडौं भुक्तानी दिन बांकी रहेको बताइएको छ ।

बेलौरी नगरपालिका- १४ का उखु किसान केशवराज जोशीले आफूले उखु बिक्री गरेको रु एक लाख ५० हजार भुक्तानी नपाएको गुनासो गरे । बेलौरीकै जोगिलाल चौधरीको रु ५० हजार, खेमराज पन्तको रु ५० हजार, ओम प्रकाश पन्तको रु २७ हजार चिनी मिलले भुक्तानी गरेको छैन । बेलौरीका उखु किसान ओमप्रकाश पन्तले किसानले प्रत्येक १५ दिनमा भुक्तानी दिनुपर्ने माग गरेपनि चिनी मिलले गत वर्षकै भुक्तानी नदिएको बताए । किसानले शतप्रतिशत भुक्तानी गर्न बााकी रहेको बताए पनि महाकाली चिनी मिलले भने २०/२५ प्रतिशत किसानको मात्रै भुक्तानी गर्न बााकी रहेको जनाएको छ ।

# अढाई अर्बको बालीनाली नष्ट

धनुषा । खडेरीका कारण यस वर्ष धनुषामा रु दुई अर्ब ६७ करोड १९ लाख बराबरको आाप, लिची, खरबुजा, मुङ्गको दाल तथा वर्षे तरकारी नष्ट भएको छ बताइएको छ । जिल्ला कृषि विकास कार्यालयका अनुसार लामो समयसम्म पानी नपर्दा यस वर्ष ५५ प्रतिशतले आाप उत्पादनमा ह्रास आएको छ । किसानले २७७१ हेक्टर क्षेत्रफलमा आाप लगाएकोमा ३१ हजार ७९४ मेट्रिक टन उत्पादन भएको छ । हावाहुरी, पानीको अभाव र सुक्खा मौसमको कारण रु ६१ करोड १९ लाखको १७ हजार ४८६ मेट्रिक टन आाप नष्ट समेत सो कार्यालयले बताएको छ ।

यसैगरी ३५० हेक्टर क्षेत्रफलमा एक हजार ६८० मेट्रिक टन लिची उत्पादन हुने अनुमान गरिए पनि ४५ प्रतिशतले उत्पादनमा ह्रास आएको छ । रु ३४ करोड बराबरको ७५६ मेट्रिक टन लिची नष्ट भएको छ भने ५४५ हेक्टर क्षेत्रफलमा रहेको खरबुजाको उत्पादन ७ हजार ८८५ मेट्रिक टन हुनुपर्नेमा १५ प्रतिशतले ह्रास आएको छ । रु १६ करोड बराबरको एक हजार ६५ मेट्रिक टन खरबुजा नष्ट भएको छ ।

त्यस्तै दहलहन बालीअन्तर्गत एक हजार ५३ हेक्टर क्षेत्रफलमा मुङको दाल लगाएकोमा एक हजार १५८ हेक्टर उत्पादन हुनुपर्नेमा रु ८६ करोड बराबरको ७१७ मेट्रिक टन नष्ट भएको छ । यसैगरी किसानले एक हजार ९०५ हेक्टर क्षेत्रफलमा वर्षे तरकारीखेती गरेकोमा २३ हजार २०४ मेट्रिक टन उत्पादन हुनुपर्नेमा १० प्रतिशतले क्षति भएको छ । रु ७० करोड मूल्य बराबरको दुई हजार ३२० मेट्रिक टन वर्षे तरकारी नष्ट भएको बताइएको छ । आँप, लिचीलगायतका फलफुल, तरकारी नष्ट भएपछि व्यापारीले सीमावर्ती भारतीय बजारबाट आयात गरेर स्थानीयवासीको माग पुरा गर्ने गरेका छन् ।

# हिमाली कृषि व्यवसाय मेला सकियो

काठमाडौा । पशुपन्छी विकास मन्त्रालय मातहतमा रहेको एकमात्र ठूलो आयोजनाका रुपमा चिनिएको हिमाली आयोजनाले अनुदान प्रदान गरेका उप आयोजनाहरुले उत्पादन गरेका कृषि उपजहरुको पहिलो पटक गरिएको तीन दिने मेला सकिएको छ । हिमाली आयोजनाले कृषि तथा वनस्पति जन्य उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले राजधानीमा तीन दिने प्रथम हिमाली कृषि व्यवसाय प्रवर्द्धन मेला शुक्रबारदेखि आईतबारसम्म आयोजना गरेको थियो ।

भृकुटीमण्डपमा गरिएको सो मेलामा हिमाली जिल्लाका कृषि, पशु तथा वनस्पतिजन्य उत्पादनको बृहत् प्रदर्शनी गरिएको थियो । मेलामा ६९ व्यापारिक कक्षमा ७६ किसिमका हिमाली उत्पादन राखिएका थिए । चौंरीको चिज, छुर्पी, जुम्लाको स्याउ, सिमी, ओखर, केशर, जडीबुटी, ट्राउट माछा आदि मेलाका आकर्षक कृषि उपज बनेका थिए । भने राडी पाखी पनि आकर्षण बन्न पुगेको थियो । तर अधिकांशले मेलामा फुड स्टलमा बंगुरको मात्र राखेकोमा गुनासो गरेका थिए । हिमाली आयोजनाले सहयोग गरेको ट्राउट, खसी, भेडाका परिकार नराखेका कारण पनि खल्लो बन्न पुगेको धेरैले गुनासो गरे ।






# संयुक्त रुपमा नगए सम्म देशको आर्थिक विकास गर्न सक्दैनौं।



## उदयचन्द्र ठाकुर
### सचिव
### वन तथा भूसंरक्षण मन्त्रालय

**० नेपालको धेरै भूभाग वनले ओगटेको छ, कृषि क्षेत्रको विकासमा कस्तो भूमिका हुन सक्छ बन मन्त्रालयको ?**

हामी अहिले कृषि बनको नीति बनाउने क्रममा रहेका छौं। मुख्यतया हामीसाग रहेको बन क्षेत्रलाई उचित रुपमा सदुपयोग गर्नु आवश्यक छ। आम नागरिकहरुको जिवीकोपार्जनको लागि बन क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको परिकल्पना हामीले गरेका छौ। र अहिले कृषिलाई बनले पनि सघाउने हो र बनलाई कृषिले सघाउने वातावरण अहिले बनेको छ। त्यले गर्द अहिले अलि सहज अवस्था भएको पनि छ। बनले के सहयोग गर्न सक्छ, कृषि कहाा गर्ने, त्यस्तो पशुपालनमा लागत मूल्य कसरी घटाउने भन्ने विषयमा छलफल गरेर आगामी बर्षको कार्यक्रममा समाबेश गर्दै लिएर गएका छौं। यसले के प्रष्ट पार्दछ भने कृषि क्षेत्रको विकासका लागि बनको महत्वपूर्ण भूमिका रहेको देखिन्छ।

**० अहिले पशुपन्छी विकास मन्त्रालयले पशुबस्तुहरुको चरनका लागि बन मन्त्रालयले सहयो गरेको छैन भन्ने चर्चा छ नि ? किन नगरेको सहयोग ?**

सहयोग नगरेको होइन, सहयोग गरिरहेको छ। यदि त्यसो भनिएको हो भने त्यो मिथ्या आरोप मात्र हो। अहिले सामुदायिक बनहरु धेरै छन्। त्यसलाई आफ्नै तरिकाले व्यवस्थापन गर्ने र त्यही अनुसार उपयोगमा ल्याउने भएकाले कही कतै चरनमा समस्या परेका होलान्। तर पनि उपयोगिताको किसिमले हामीले कसरी भएको वनलाई प्रयोग गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण हो। त्यसकारण चरनका लागि कसरी व्यवस्थापन गर्ने, त्यसबाट पाउने प्रतिफल पशुपन्छीमा कसरी लगाउने त्यसलाई सोच्नु पर्दछ। बनलाई हामीले जति व्यवस्थापन गर्न सक्छौं पशुबस्तुको आहार पनि त्यत्ति नै बढ्छ। तर हामीले प्रकृतिलाई कसरी प्रयोग गर्‍यौं अव के गर्नु पर्दछ भन्ने कुराको सोचमा परिवर्तन ल्याउनु पर्दछ।

**० विगतमा हरियो बन नेपालका धन भन्थे अहिले त्यो नारा त हरायो। यसको मतलव बन विनास हुँदै गएको हो ?**

हरियो बन नेपालको धन अहिले पनि छ। पहिले हामी बनसंग मात्र सिमित थियौं अहिले आएर बनलाई विभिन्न रुपमा बर्गिकरण गरी साझेदारी होस् या धार्मिक होस्, वा कवुलियत बन होस् त्यसलाई केही न केही रुपमा परिवर्तन हुंदै गईरहेको छ। त्यसकै लागि पनि बन क्षेत्र अहिले बढ्दै गईरहेको छ। तर बन क्षेत्रमा बुटानहरुले ढाक्ने क्षेत्र बढेको छ। साझेदारी निजी बनहरु भयो। त्यसले गर्दा व्यापक रुपमा विकसित हुंदै गईरहेको छ। त्यो सवै कुरालाई हेर्ने हो भने हरियो बन हिजो पनि थियो आज पनि छ। बन समृद्धको लागि हो। समृद्ध भनेको सवैलाई जोडेर समृद्ध हुने हो।

**० बन समृद्धिका लागि हो भनिरहंदा मुलुकको आर्थिक मेरुदण्ड कृषि क्षेत्रले बोकेको भन्ने चर्चा चलिरहंदा जडीबुटीको उत्पादनमा कृषि विकास मन्त्रालयले हात हालेको छ। जडीबुटीको महत्वलाई कृषिसंग कसरी जोड्नु पर्दछ होला ?**

जडीबुटी बन क्षेत्रबाट यस्तो सम्भावित भएको छ। जसले भोलीका दिनमा आउन सक्ने प्रतिष्पर्धा र विदेशी मुद्रा आर्जन गर्ने ठूलो साधनको रुपमा हामीले लिन सक्छौं। हुन त कृषिका केही उपजहरु हामीले अहिले पनि निर्यात गरिरहेका छौं। जसबाट विदेशी मुद्रा आर्जन गरेको छ। तर त्यो भन्दा पनि जडीबुटीको सम्भावन बढी छ। किनकी हिमाल हाम्रो साथमा छ। हिमाली ब्राण्ड भनेको त विश्वमा पहिचान गर्न सकिने र त्यसमा उत्पादन बढाएर गर्न सक्यौ भने हुन सक्छ। अव केही व्यवसायिकरण हुन सक्यो भने संयुक्त रुपमा काम गर्नलाई केही पनि अप्ठेरो छैन। विभिन्न आयोजना कृषिमा पनि छन्। उहााहरुले पनि जडीबुटिसंग सम्वन्धित काम गरिरहनु भएको छ त्यसैले पनि अहिले सवैभन्दा बढी जोड जडीबुटीलाई नै दिएका छौ। आजका दिनसम्म जडीबुटी संकलन गर्ने र प्राविधिक ज्ञानको अभावले गर्दा प्रशोधन नगरी निर्यात गर्दा कम रकममा विक्री गरिरहेका थियौं। अहिले प्रशोधन गरेर निर्यात गर्दौं कयौं गुणा धेरै रकम हात पार्न सक्छौं। त्यसकारण कृषि र बन मिलेर यस्ता बस्तु र कृषि उपजलाई मूल्य श्रृखलामा स्थापित गर्न चाहन्छौं। नेपालमा अहिले अनुसन्धानका कुराहरु पनि छन्, प्रयोगशालाका कुरा, क्षमता अभिबृद्धिका कुराहरु र बजारीकरणका कुराहरु एकै रुपमा जोड दियौं भने त्यसले यो आर्थिक बृद्धि दरमा पनि सहयोग गर्दछ। विदेशी मुद्रा आर्जनमा पनि सहयोग गर्दछ। यसले बढी भन्दा बढी रोजगारी पनि दिन सक्छ।

**० तर सरोकारवाला निकायवीच समन्वयको अभाव त छ नि यसका लागि ?**

विगतमा थियो होला तर, अहिले समन्वयको अभाव देखेका छैनौं। हामी अहिले संयुक्त रुपमा गएका छौं। र कृषिमा अहिले एडिएसको कुरा आएको छ। यसले बन क्षेत्रलाई पनि त्यत्तिकै महत्वपूर्ण भूमिका दिएको छ। भावी दिनमा पनि संयुक्त रुपमा अगाडि बढ्न सक्यौं भने देशको आर्थिक उन्नतिमा मद्दत गर्दछ।

**० सरोकारवाला मन्त्रालय बन, कृषि पशुपन्छी, सिंचाई, भूमिसुधारवीच छलफल भईरहेको छ त ?**

बन, कृषि र पशुपन्छी वीच त छलफल भईरहेको छ। अर्थ मन्त्रालयसंगका वैठकमा पनि संगै बसेर बजेटका कुराहरु गर्ने गर्दछौं। बनसंग रहेको जडिबुटीका कुरालाई हामीले उद्यमशिलतासंग जोड्नु पर्दछ। त्यस्तो हुने वित्तिकै बाणिज्य मन्त्रालयसंग पनि हाम्रो सम्वन्ध नियमित हुन्छ। अन्तर्राष्ट्रिय ट्रेडका कुरालाई कसरी जोड्ने भन्ने कुराका लागि पनि हामीले प्रयास गरिरहेका छौं। हामी सरोकारवाला मन्त्रालय वीच भएको छलफलले नै एक दुई बर्षमा नै सकारात्मक परिणाम निकाल्छौं।

**० कृषिमा व्यवसायिकरण गर्नु पर्‍यो भन्छौं कतिपय बनस्पति उत्पादनलाई पनि संगै लैजानु पर्ने होइन ?**

हो। यो एकदम राम्रो पक्ष हो। अहिले हामीले हेर्ने हो भने सातसयभन्दा बढी जडीबुटीहरु पहिचान गरिसकेका छौं। त्यसमध्ये ३९ लाई हामीले प्रयोगमा ल्याउन सक्छौं। सात आठ वटा जडीबुटीलाई व्यवसायिक रुपमा जान सक्ने भन्ने कुरा अनुसन्धानबाट नै आएको हुंदा त्यस तर्फ पनि ध्यान दिईरहेका छौं। कतिपय प्राकृतिक रुपमा नै राखेर अन्य मापदण्ड पुर्‍याएर त्यसलाई संरक्षण सम्वर्द्धन र त्यसको उपयोग गर्न सक्छौं भन्ने कुरा महत्वपूर्ण छ। किनकी हामीले अर्गानिक ब्राण्ड दिन चाहिरहेका छौं। केही व्यवसायिक नहुने जडिबुटी पनि तर जुन व्यवसायिक हुन्छ त्यसलाई नै निरन्तरता दिने भन्ने हाम्रो उदेश्य हो।

**० अहिले हामीले यतिकुरा गरिरहंदा विगतमा यिनै कुरा किन हुन सकेन जस्तो लाग्छ ?**

मन्त्रालयहरु पनि आ आफ्नै ढंगले आफ्नै उदेश्य अनुसार मात्र हिड्न खोजेकाले गर्दा, समन्वयको अभाव भयो। एक आपसमा बुझ्न सकेनौं तर जुन हिमाली आयोजनाहरु आयो त्यसबाट केही सकारात्मक कुराहरु भए। कृषि विकास मन्त्रालयले जडीबुटीमा लगानी गरिरहेको छ। निजी क्षेत्रले पनि जडीबुटी प्रवर्द्धन गर्नमा सहयोग गर्न लागिरहनु भएको छ। जवसम्म हामी संयुक्त रुपमा जादैनौ तवसम्म देशको आर्थिक विकास गर्न सक्दैनौं।

० वैकुण्ठ भण्डारी




हब ब्रोडकास्टिङ् प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः बागबजार, फोन नं: ९८५१०५९४५५,पो.ब.नं.:४३१२, ई-मेलः sajnepal@gmail.com, मुद्रणः श्वेतकाली छापाखाना, कार्यकारी सम्पादक : योगेन्द्र प्रताप शाही सम्पादकः वैकुण्ठ भण्डारी